जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

चाडपर्व हाम्रा सांस्कृतिक पहिचान।
मद्यपान र जुवातास विकृतिका मुहान ॥
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १६३ • २०८० साल कार्त्तिक २० गते सोमबार (6 November, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रदेशमा प्रहरी समायोजनका लागि मधेश प्रदेश सरकार र दलहरुबीच आज छलफल

टुडे समाचारदाता

जनकपुरधाम । प्रहरी समायोजन तथा प्रदेश प्रहरी गठनका लागि संघीय सरकारलाई दबाब दिन मधेश प्रदेश सरकार पुनः सक्रिय भएको छ।

प्रदेश सरकारले प्रहरी र कर्मचारी समायोजन तथा प्रदेश प्रहरी ऐन कार्यान्वयनको विषयमा सोमबार प्रदेशका सम्पूर्ण राजनीतिक दलसँग छलफल गरी अगाडि बढ्ने जनाएको छ।

२०७५ सालमै प्रदेश प्रहरी ऐन मधेश प्रदेश सभाबाट पारित भए पनि संघीय सरकारको उदासिनताले हालसम्म ऐन कार्यान्वयनमा आउन सकेको छैन। प्रदेश प्रहरी गठनका लागि प्रदेश सरकारले संघीय सरकारलाई लिखित तथा मौखिक रुपमा पटक पटक ध्यानाकर्षण गराउँदा पनि संघीय सरकारले कुनै सुनुवाई गरेको छैन्।

संविधानमा प्रदेशको शान्ति सुरक्षाको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारको रहे पनि अहिले संघीय सरकारले प्रहरी समायोजनको विषय टुँगो नलगाउँदा अहिलेसम्म प्रदेश प्रहरी गठन प्रक्रियासमेत अगाडि बढ्न सकेको छैन्।

प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ६, ७, ८ को कार्यान्वयन गर्न संघीय सरकार उदासिन रहँदै आएको छ।

संघीय प्रहरी ऐन र प्रहरी कर्मचारी समायोजन ऐन पारित भइ राष्ट्रपतिबाट प्रमाणीकरण भएको चार वर्षभन्दा बढी समय भइसक्दा पनि संघीय सरकारले ती ऐनहरु कार्यान्वयनतर्फ कुनै चासो देखाएको छैन।

प्रदेशमा प्रहरी समायोजन र निजामती ऐन बनाउन संघीय सरकारले आलटाल गरेपछि मधेश प्रदेशका सभासदहरु आन्दोलित हुने भएका छन्। प्रदेश सरकारले प्रदेशमा रहेका सबै राजनीतिक दलका नेताहरुसित छलफल गर्न सोमवार मुख्यमन्त्री कार्यालयमा बैठक बोलाइएको छ।

प्रदेश सरकारले प्रहरी समायोजन र निजामती कर्मचारी ऐनका लागि सामूहिक रुपमा अगाडि बढ्ने नेपाली कांग्रेस मधेश प्रदेशका सभापतिसमेत रहेका मधेश प्रदेश सरकारका वरिष्ठ मन्त्री कृष्णा यादवले दलहरुसित सामूहिक छलफल गर्न लागेको बताएका छन्।

'सर्वदलीय बैठकले गर्ने निर्णय अनुसार सरकार अगाडि बढनेछ' उनले भने, संविधानमै गरिएको व्यवस्थालाई कार्यान्वयनमा ढिलाइ हुनु दुखद हो। प्रदेशसित प्रहरी र निजामती कर्मचारी सम्बन्धी अधिकार हुनैपर्नेमा उनले जोड दिए। शान्तिसुरक्षा प्रदेशमा कायम गर्न आफ्नै प्रहरी हुनु आवश्यक रहेकोमा जोड दिदै मुख्यमन्त्री सरोज कुमार यादवले संघीयतालाई संस्थागत गर्न संघीय सरकारले नचाहेको आरोप लगाए।









# विपिन जोशीको सकुशल रिहाइको माग




दोधारा चाँदनी । प्यालेस्टिनी आतङ्कवादी समूह हमासको नियन्त्रणमा रहेको भनिएका कञ्चनपुरको भीमदत्त नगरपालिका-३ का विपिन जोशीको सकुशल रिहाइको माग गर्दै आइतबार महेन्द्रनगरमा प्रदर्शन गरिएको छ ।

विपिनका परिवारसँगै आफन्तले जोशीको रिहाइका लागि माग गर्दै कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीमार्फत परराष्ट्रमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् । "आफ्नै छोरा सम्झेर जस्तो अवस्थामा भए पनि मेरो छोरालाई ल्याइदिनूस्," आमा पद्माले भक्कानिँदै भन्नुभयो, "जतिसक्दो चाँडो छोराको उद्धार गरिदिनूस् ।"

इजरायली सरकारले विपिन हमास समूहको नियन्त्रणमा रहेको पुष्टि गरेपछि उनको परिवारमा केही आशा पलाएको छ । विपिनका बुबा महानन्द जोशीले विपिन सकुशल नेपाल फर्किने आशा रहेको बताउनुभयो । "हामीलाई अझै आशा छ सरकारले छोरालाई सकुशल उद्धार गर्नेछ," महानन्दले भन्नुभयो, "हामी विपिनको प्रतीक्षामा छौँ, तिहार अगावै छोराको उद्धार गरेर घर ल्याइदिनूस् ।"

नेपाल सरकार, संयुक्त राष्ट्रसङ्घ र मानव अधिकारवादी सङ्घसंस्थाहरूले तत्काल छोराको उद्धारमा सहयोग गर्न आग्रह गरे । र्‍यालीमा जोशीका बुबासँगै आमा पद्मा र बहिनी पुष्पा पनि सहभागी थिइन् । महेन्द्रनगरको मदन चोकबाट सुरु गरिएको र्‍याली बजार परिक्रमा गरी जिल्ला प्रशासन कार्यालयमा पुगेर समापन गरिएको हो । प्रशासनमा पुगेर प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र पनि बुझाइएको छ । ज्ञापनपत्र बुझ्दै कञ्चनपुरका प्रमुख जिल्ला अधिकारीगोपालकुमारअधिकारीलेविपिनको उद्धारका लागि सरकारले सक्दो प्रयास गरिरहेको बताउनुभयो । सुदूरपश्चिमविश्वविद्यालयकोटीकापुर क्याम्पसमा कृषि सङ्कायमा आठौँ सेमेष्टरमा अध्ययनरत जोशी 'लर्न एन्ड अर्न' कार्यक्रमअन्तर्गत भदौमा इजरायल गएका थिए ।रासस

# नक्कली कागजात बनाउने गिरोह प्रहरीद्वारा सार्वजनिक



काठमाण्डु । विदेश जान आवश्यक पर्ने श्रम स्वीकृति लगायतका नक्कली कागजात बनाउने कार्यमा संलग्न रहेको अभियोगमा पक्राउ परेकालाई प्रहरीले आइतबार सार्वजनिक गरेको छ ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेका चार जनालाई आइतबार पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो । उनीहरुलाई टोखा र स्वयम्भूमा सञ्चालित कारखानामा छापा मारी पक्राउ गरिएको जानकारी प्रहरीले दिएको छ । नवलपुर मध्यविन्दु नगरपालिका-५ घर भएका ४५ वर्षीय जयराम श्रेष्ठ, गोरखा सिरान चोक गाउँपालिका-८ घर भई हाल टोखा बस्ने ३४ वर्षीय भक्तबहादुर थापा, काठमाडौँ महानगरपालिका-१ नक्साल बस्ने ३८ वर्षीय दीपक केसी र सल्यान रामपुर कालिमाटी गाउँपालिका-३ घर भई हाल काठमाडौँ नागार्जुन नगरपालिका-इचङ्गुनारायण बस्ने ४२ वर्षीय बलबहादुर रावत रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी नायब उपरीक्षक गोविन्द पन्थीले जानकारी दिनुभयो ।

नायब उपरीक्षक पन्थीका अनुसार विदेश जान लागेका व्यक्तिका कागजात शङ्कास्पद रहेको भनी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट कात्तिक १२ गते पठाइएका कागजातमध्ये सुजल हेङगजुको नामको श्रम स्वीकृति नक्कली देखिएकामा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उक्त कागजात बनाउने कार्यमा संलग्न रहेको अभियोगमा पक्राउ गरिएको थियो ।

हालसम्म नौ जनालाई प्रहरीले पक्राउ गरेको जानकारी पनि दिइएको छ । उनीहरूमध्ये सल्यान घर भएका बलबहादुर रावतले टोखामा फ्ल्याट भाडामा लिएर कारखाना सञ्चालन गरेको पाइएको काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिनुभयो । प्रवक्ता रेग्मीका अनुसार स्वयम्भूमा दीपक केसीले प्लसटुको नक्कली कागजात बनाउने कारखाना नै सञ्चालन गरेका थिए । उनीहरुले प्रहरी रिपोर्ट, श्रम स्वीकृति, प्लसटुको सर्टिफिकेट र नाता प्रमाणित पनि नक्कली बनाउने गरेको प्रहरीको अनुसन्धानबाट थाहा भएको प्रवक्ता रेग्मीले बताउनुभयो । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी नायब उपरीक्षक पन्थी नेतृत्वको टोलीले लामो अनुसन्धानपछि उनीहरुलाई पक्राउ गर्न सफल भएको बताइएको छ । रासस

# विपत्को सूचनामा संवेदनशील बन्न काउन्सिलको आग्रह

काठमाण्डु । प्रेस काउन्सिल नेपालले प्राकृतिक विपत्का समयमा गरिने सूचना सम्प्रेषण संवेदनशील प्रकृतिको हुने भएकाले गलत सूचना र सन्देश प्रवाह नगर्न सबै सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरेको छ ।

युट्युबलगायत सामाजिक सञ्जाल र केही अनलाइन सञ्चारमाध्यमबाट जाजरकोट भूकम्पका बीभत्स दृश्य तथा तस्बिरसहितका सन्देश पुष्टि नगरिकन प्रवाह भएको पाइएकाले काउन्सिलले आफ्नो ध्यानाकर्षण भएको जनाएको हो । काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा 'को पहिला हुने' भन्ने होडबाजीमा आधिकारिक तथ्य पुष्टि नगरिकन मानवीय संवेदनामा खलल पुग्ने र विपत्ति वा शोकमा परेका व्यक्ति र आफन्तजनमा थप पीडा पुग्ने गरी मृतक तथा घाइतेको वीभत्स दृश्य र तस्बिर सम्प्रेषण नगर्न, नगराउन भनिएको छ ।

'मृतक एवं घाइतेको विवरण प्रस्तुत गर्दा संवेदनशील भई गोपनियताको सम्मान गर्न आम सञ्चार माध्यम, सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, युट्युबलगायत सामाजिक सञ्जाल र यसका प्रयोगकर्तामा प्रेस काउन्सिल नेपाल हार्दिक आग्रह गर्दछ' विज्ञप्तिमा भनिएको छ ।

शुक्रबार राति ११:४७ बजे जाजरकोट रामीडाँडा आसपास केन्द्रबिन्दु बनाएर गएको छ दशमलव चार म्यागनिच्युडको भूकम्पका कारण भएको मानवीय र भौतिक क्षतिप्रति काउन्सिलले दुःख व्यक्त पनि गरेको छ ।रासस

# नेपाली सेनाको आयोजनामा रक्षा संवाददातालाई अभिमुखीकरण

काठमाण्डु । नेपाली सेनाको सङ्गठनात्मक स्वरुप, जिम्मेवारी तथा भूमिका एवं मुख्य गतिविधिबारे जानकारी गराउने उद्देश्यले प्रतिरक्षा र सुरक्षा विधामा कार्यरत सञ्चारकर्मीका



लागि अभिमुखीकरण आयोजना गरिएको छ ।

कार्यक्रममा नेपाली सेनाका विभिन्न निकायको काम, कर्तव्य र जिम्मेवारीका बारेमा प्रस्तुतीकरण तथा छलफल हुनेछ । सहभागीलाई शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज तथा नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय गौरवको काठमाडौँ-तराई र मधेस द्रूतमार्ग सडक आयोजनाको स्थलगत भ्रमण गराउने योजना रहेको नेपाली सेनाले जनाएको छ ।

जनसम्पर्क तथा सूचना निर्देशक सहायक रथी कृष्णप्रसाद भण्डारीले संविधानद्वारा निर्देशित तथा राज्यबाट प्राप्त जिम्मेवारी वहन गर्दै मातृभूमिको रक्षा तथा विकास निर्माणको क्षेत्रमा नेपाली सेना समर्पित रहेको बताउनुभयो । उहाँले सेना र सञ्चार जगत्बीचको सम्बन्धलाई थप व्यावसायिक बनाउन अभिमुखीकरण उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । पाँच दिनसम्म चल्ने अभिमुखीकरणमा २६ पत्रकारको सहभागिता छ । रासस

# गणित विज्ञानमा महिलालाई आकर्षित गर्न सम्मेलन



काठमाण्डु । गणित विषयका ज्ञान आदान-प्रदान गर्ने र सो विषयमा महिलाको आकर्षण बढाउने उद्देश्यले काठमाडौँमा आयोजित तीनदिने सम्मेलन आइतबार सम्पन्न भएको छ ।

गणित विज्ञानमा नेपाली महिला नामक संस्थाको आयोजनामा भएको सम्मेलनमा भारत, पाकिस्तान, अमेरिका, फ्रान्स र नेपालका गरी ५८ जना महिला गणित शिक्षक एवं विद्यार्थीको सहभागिता थियो । सम्मेलनमा गणितका विविध पक्षलाई समेटेर ३९ वटा कार्यपत्र प्रस्तुत भएको संस्थाका कार्यसमिति सदस्य सुस्मिता पाठकले जानकारी दिनुभयो ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्राडा हीराबहादुर महर्जनले नेपालमा गणित विषयप्रति देखिएको निरासाले शैक्षिक उन्नयनमा क्षति पुर्‍याउने भएकाले समयमै राज्यको ध्यान जानुपर्ने बताउनुभयो । माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजाले पनि गणित शिक्षामा आकर्षण घटेको उल्लेख गर्दै उहाँले अन्तर्राष्ट्रियस्तरमा हुने यस्ता सम्मेलनले गणितप्रति आकर्षण बढाउने विश्वास व्यक्त गर्नुभयो ।

सम्मेलन आयोजक संस्थाका अध्यक्ष सहप्राध्यापक धनकुमारी थापाले गणित विषयमा महिलालाई आकर्षित गर्न र गणित विषय सिक्ने-सिकाउने सिलसिलामा विश्वमा विकास भएका नवीन पद्धतिबारे जानकारी गराउन सम्मेलन आयोजना गरिएको बताउनुभयो ।

गणित विषयका शिक्षकहरू संस्थागतरुपमा एकताबद्ध हुँदा अनुभव आदान-प्रदान हुने र विश्वमा भएका विकासबारे जानकारी हुने अध्यक्ष थापाले बताउनुभयो । आगामी दिनमा गणित विषयमा महिलालाई आकर्षित गर्न विभिन्न कार्यक्रम गर्ने संस्थाको योजना रहेको उहाँले जानकारी दिनुभयो ।रासस

# 'कम्युनिष्ट आन्दोलनप्रति विश्वास बढाउन सिद्धान्त र व्यवहारको राम्रो तालमेल आवश्यक'

काठमाण्डु । वामपन्थी पार्टीहरूको साझा फोरमका रूपमा अध्ययन, अध्यापन र अनुसन्धानको काम गर्दै आइरहेको मार्क्सवादी ज्ञान केन्द्रले 'समाजवाद र वामपन्थी शक्तिहरूको कार्यभार' विषयक अन्तरक्रियासहित आफ्नो तेस्रो वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

शनिबार भर्चुअल माध्यमबाट सम्पन्न गरिएको अन्तरक्रियामा पूर्वसभामुख एवं नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष अग्निप्रसाद सापकोटा, नेकपा (एकीकृत समाजवादी)का प्रवक्ता जगन्नाथ खतिवडा, संविधानसभा सदस्य एवं नेकपा (एमाले) नेता कृष्णभक्त पोखरेल र नेकपाका पोलिटब्यूरो सदस्य सावित्रा दुराले सम्बोधन गर्नुभएको थियो । सो अवसरमा नेता अग्निप्रसाद सापकोटाले वामपन्थी आन्दोलनका विगतका सीमाहरूको समीक्षा गर्दै सहकार्य र एकताका आधारहरू खोजी गर्नुपर्नेमा जोड दिनुभयो । "सिद्धान्त र व्यवहार बीच राम्रो तालमेल भए मात्र कम्युनिस्ट आन्दोलनप्रति जनविश्वास आर्जन गर्न सकिन्छ । विगतमा हामी सबैका गल्तीहरू भएका छन्, मात्राका हिसाबले कसैको बढी र कसैको कम होला, तर एकतावद्ध कम्युनिस्ट पार्टी विभाजित हुनुमा हामी सबै जिम्मेवार छौं । त्यसैले हामी कहाँ चुक्यौं, त्यसको समीक्षासहित सहकार्य र एकताको आधार खोज्नुपर्छ", उहाँले भन्नुभयो ।

शनिबारै सम्पन्न बन्दसत्रमा केन्द्रका अध्यक्ष मनहरि तिमिल्सिनाले संस्थाको दिशानिर्देश, प्रगति समीक्षा र आगामी योजना, वरिष्ठ उपाध्यक्ष विश्वेश्वर कट्टेलले विधान, कार्यविधि, विनियम संशोधन प्रस्ताव र कोषाध्यक्ष सागर अधिकारीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

अध्यक्ष तिमिल्सिनाले प्रस्तुत गरेको प्रतिवेदनमा समाजवादको वैचारिक आधार तयार पार्नु संस्थाको मूल लक्ष्य भएको उल्लेख गर्दै अध्ययन संस्कृतिको विकास गर्दै नयाँ पुस्तालाई वामपन्थी आन्दोलनमा आकर्षित गर्दै जनमत बिस्तार गर्नु प्रमुख उद्देश्य भएको उल्लेख छ ।

केन्द्रले यसवर्ष सात वटा भर्चुअल डिस्कोर्स, दुई चरणमा १२ दिने भर्चुअल कक्षा, प्रदेशस्तरमा सात वटा अन्तरक्रिया कार्यक्रम र ४० दिन लामो पुस्तक परिचर्चा कार्यक्रम सम्पन्न गरेको प्रतिवेदनमा उल्लेख छ । त्यसैगरी विराटनगर, दमक, सर्लाही, भतरपुर, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत, महेन्द्रनगर, जुम्लाको सिंजा, टिकापुर, ललितपुर र काठमाडौंमा गरी १३ वटा संस्कृति प्रवर्धन कार्यक्रम र रैथाने खाना महोत्सव सम्पन्न गरिएको छ ।

मार्क्सवादी ज्ञान केन्द्रले देशका सातवटै प्रदेशमा प्रदेश कमिटी, २५ वटा जिल्लामा शाखा कमिटी र बाँकी जिल्लामा समन्वय संयन्त्र बनाएर अध्ययन, अध्यापनको काम गरिएको तिमिल्सिनाको प्रतिवेदनमा उल्लेख छ । साथै पाँच वटा विभाग बनाएर केन्द्रीय कामहरू व्यवस्थित गरिएको संस्थाले जनाएको छ । केन्द्रले दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र, समाजवाद, इतिहास, विज्ञान तथा प्रविधि, नेपाल चिन्तन र बहुविधा साक्षरतालगायतका विषयमा अध्ययन र अनुसन्धानका लागि अनुसन्धान समूहहरू बनाएर काम गर्ने प्रतिवेदनमा उल्लेख छ ।रासस

# भूकम्पपीडितका लागि तरुण दलले रक्तदान गर्ने

काठमाण्डु । जाजरकोट भूकम्पबाट भएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै बढ्दो रगतको अभाव परिपूर्ति गर्ने उद्देश्यले नेपाल तरुण दलले आज (कात्तिक २० गते सोमबार) भृकुटीमण्डप प्राङ्गणमा वृहत् खुल्ला रक्तदान कार्यक्रम गर्ने भएको छ । तरुण दलको केन्द्रीय कार्यसमितिले एक सूचना जारी गर्दै भूकम्पबाट घाइते भएकाको उपचारमा सहयोग गर्न रक्तदान गर्न लागिएको जनाएको छ ।

बिहान ११ बजेदेखि रक्तदान कार्यक्रम सुरू भई दिनभरसम्म जारी रहने केन्द्रीय सदस्य सरोज न्यौपानेले जानकारी दिनुभयो । "रगतको अभाव भएकाले हामीले पनि आफ्नो तर्फबाट त्यसलाई कम गर्न प्रयास गर्दैछौं । सम्पूर्ण युवालाई रक्तदानका लागि आग्रह गरेका छौं", उहाँले भन्नुभयो ।

रक्तदानमा काठमाडौँ उपत्यकामा रहनुभएका विद्यार्थी, युवा सहभागी हुने विश्वास केन्द्रीय सदस्य न्यौपानेको छ । रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# विपद्को बेला राष्ट्रिय एकता

देशमा राष्ट्रिय विपद् आइपरेको छ । जाजरकोट र रुकुम पश्चिम जिल्लामा गएको प्रलयकारी भूकम्पबाट सिंगो मुलुक शोकमा परेको छ। राष्ट्रिय विपद्को बेला सबै नेपाली एकजुट भएका छन्। देशमा राष्ट्रिय एकता देखिएको छ । सबै राजनीतिक दल, संघसंस्था, निकायहरु मात्र नभइ उद्योगी व्यवसायी, पेशाकर्मी सबै एकजुट भएर जाजरकोट र रुकुम पश्चिमका जिल्लावासीहरुको साथमा उभिएका छन् । सरकारलाई सबै पक्षको साथ छ। तीनै सुरक्षा निकाय राहत र उद्धारमा जुटिसकेका छन् । भूकम्प प्रभावित क्षेत्रमा राहत सामग्री पुऱ्याउन विमानसेवा र बस व्यवसायीहरुले निःशुल्क सेवा दिने घोषणा गरेका छन् । निर्माण व्यवसायीहरुले पनि आवश्यक उपकरणहरु उद्धारका लागि पठाउन व्यवसायीहरुलाई आग्रह गरेका छन् । भूकम्पबाट सर्वाधिक महिलाको ज्यान गएको छ । त्यसको प्रमुख कारण दुर्गम पहाडी जिल्लाबाट पुरुषहरु कामका लागि विदेशिएकाले महिलाहरु नै बढी जिल्लामा रहेका छन् । भूकम्पबाट क्षतिग्रस्त भएका घरहरुमा अधिकांश कच्ची नै रहेका छन् । पुराना घरहरु भूकम्पको निरन्तरको धक्काले झन कमजोर भएको थियो । भूकम्पको ठूलो धक्काले ती भवनहरुलाई क्षतिग्रस्त बनाएको छ । भूकम्प प्रभावित क्षेत्रमा राहत र उद्धारको काम तीव्र रुपमा अगाडि बढाइएको छ । खाद्य सामग्री, औषधि, पानी लगायतका अत्यावश्यक सामग्रीहरु विभिन्न माध्यमबाट जाजरकोट र रुकुम पश्चिम जिल्लामा पुऱ्याइने काम भइरहेको छ । उद्धारसँगै राहतको कार्यलाई तीव्र रुपमा अगाडि बढाउन सरकारले निर्देशन दिएको छ । सरकारी संयन्त्रहरुसहित दलगत लगायतका निकायहरु पनि सक्रियताका साथ जुटेका छन् । भूकम्पमा परी घाइते भएकाहरुलाई थप उपचारका लागि राजधानी काठमाण्डु ल्याइएको छ । विपद्मा मधेश, पहाड र हिमाल एकसाथ उभिएका छन्। पीडितहरुको साथमा सिंगो देश रहेको अनुभूति गराइँदै छ। जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट भएको जनधनको क्षतिलाई न्यून गर्न नसके पनि अन्यत्र भूकम्प आउँदा जनधनको क्षति हुन नदिन सरकारले प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक छ। क्षति भएको बेला सबै जुट्ने तर त्यसपछि लापरबाही गर्ने प्रवृत्तिलाई हटाउनु पर्छ। नेपालमा भूकम्पको जोखिम रहेको छ । भूकम्पबाट कयौं पटक जनधनको ठूलो क्षति भएको छ। त्यसलाई कम गर्ने उपायहरु पनि अवलम्बन गरिएको छ। यद्यपि त्यो पर्याप्त भने छैन् । राजधानी काठमाण्डु लगायत देशका प्रमुख सहरहरुमा भूकम्प निरोधि घरहरु निर्माण भइरहेका छन्। तर त्यो मात्र पर्याप्त होइनन्। भूकम्प आएको बेला सुरक्षित हुन सक्ने उपायहरु पनि सिकाउन आवश्यक छ।

# भ्रष्टाचार नियन्त्रणका बहुआयामिक जटिलता र अख्तियार !



सुदर्शन आचार्य

भ्रष्टाचार नियन्त्रण कार्यमा बहुआयामिक जटिलता त छ नै उति नै चुनौतीपूर्ण पनि छ। नेपाली राजनीति प्रशासन दुवैतिर भ्रष्टाचार नियन्त्रण गर्ने काम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मात्र हो र बाँकी संयन्त्रले निर्बाध भ्रष्टाचार गरे हुन्छ भन्ने मानसिकता मौलाउँदो छ।

विकासका सन्दर्भमा नेपालको राजनीतिक नेतृत्वले पटकपटक सिंगापुरको नाम लिने गर्छन्। तर, छोटै अवधिमा सिंगापुरको विकासले फड्को मार्नुको पछाडि सिंगापुरको राजनीतिक नेतृत्वमा 'विकासको भिजन र कार्यान्वयनका सन्दर्भमा इच्छाशक्ति' भएको विषयलाई नेपालको राजनीतिक नेतृत्वले 'फलो' गर्न सकेन। नेपाल विकास र सुशासनका सन्दर्भमा यसैमा चुक्यो।

नेपालका सन्दर्भमा भ्रष्टाचार न्यूनीकरण ससानो प्रयासबाट मात्र सम्भव देखिन्न । नीतिगत र व्यक्तिगतरूपमा हुने भ्रष्टाचार निर्मूल गर्नका निम्ति प्रणालीमै सुधार नभएसम्म अख्तियार तातेर वा मन्त्री, प्रधानमन्त्रीले सुशासनका भाषण छाँटेरमात्र सम्भव छैन। भ्रष्टाचार नियन्त्रणको मुख्य जिम्मेवारी अख्तियारको मात्र होइन। त्यो जिम्मेवारी निर्वाचित सरकार र जनप्रतिनिधिमूलक संस्था संसद्को पनि हो । तर, सरकार भ्रष्टाचारको मुहान अर्थात् मूल थलो बन्न पुगेको छ। सरकारबाट भएगरेका नीतिगत निर्णयका आधारमा नै अर्बौंको भ्रष्टाचार हुने गरेको तथ्यांक निरन्तर सार्वजनिक भइरहेकै छन्।

प्रजातन्त्र प्राप्तियताका प्रधानमन्त्रीहरूमा कृष्णप्रसाद भट्टराईलाई छाडेर हेर्ने हो भने अरू प्रधानमन्त्री र सरकारले गरेका निर्णय र त्यसको आर्थिक अनियमितताको स्केल हेर्दा लाग्छ भ्रष्टाचार वा अनियमित गर्नु नै मुख्य काम हो।

आश्चर्यजनकरूपमा विकसित भएको मनोविज्ञान हो - 'मुलुक परिवर्तनमा हामीले अतुलनीय योगदान पुऱ्याएकाले हामीले गर्ने नीतिगत निर्णय र त्यसका विषयमा अख्तियार वा सरोकारवाला निकाय कसैले चासो नराखोस्।' जसका कारण लोकतान्त्रिक गणतन्त्रको स्थायित्वमा समेत संशय पैदा हुँदै गएको छ।

भ्रष्टाचार कसरीसम्म हुँदोरहेछ भन्ने यहाँ दुईवटा उदाहरण प्रस्तुत गरौं - पछिल्लो समयमा अख्तियारले अनुसन्धान पूरा गरी विशेष अदालतमा दायर गरेको 'नेसनल पेमेन्ट गेटवे' । गेटवे सिष्टम नेपालमा हुने सबैखाले डिजिटल भुक्तानी एकीकृत गर्ने प्रणाली भनिएको छ। तर, हालसम्म राष्ट्रिय भुक्तानी स्विच भने स्थापना भएको छैन।

त्यसरी सिस्टम स्थापना गर्नुअघि आवश्यक पूर्वाधार तयार गर्नुपर्छ । त्यसो नगरी कुनै निकायबाट गेटवे स्थापना गर्न बजेटसमेत माग नहुँदै आश्चर्यजनकरूपमा एकाएक पच्चीस करोड बजेट विनियोजन गरियो । बजेट निर्माणपूर्व अपनाउनुपर्ने मापदण्ड तथा सार्वजनिक खरिद ऐनको समेत बर्खिलाप हुनेगरी उक्त बजेट 'जस्केला'बाट विनियोजन गरिएको थियो।

सार्वजनिक खरिद ऐनले भन्छ - सार्वजनिक निकायले एकवर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने कुनै पनि आयोजनाका लागि खरिद गर्दा वा वार्षिक दस करोड रुपैयाँभन्दा बढीका खरिदमा गुरुयोजना तयार गर्नुपर्छ।

यो मापदण्डको छेउमा पनि नपुगी जस्केलाबाट २५ करोड रुपैयाँ विनियोजन गरेको अभियोगमा अर्थमन्त्रालयका तत्कालीन बजेट तथा कार्यक्रम महाशाखा प्रमुख मधुकुमार मरासिनीलगायतविरुद्ध मुद्दा आयोगले दायर गरेको छ।

मरासिनीले बजेट महाशाखा प्रमुख हुँदा कम्तीमा राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट बजेट मागको एउटा अनुरोधपत्र समेत झिकाउन आवश्यक ठानेनन् । आर्थिक चलखेल यहीनेर हुन पुग्यो । तिनै मरासिनी पछि राजनीतिक लाभ उठाउँदै अमेरिकाका लागि कन्सुलेट जनरल सरहको विशेष दरबन्दी सिर्जना गरी अमेरिका गए। उनी फर्किएलगत्तै उक्त दरबन्दी समेत खारेजीमा परेको चर्चा उहीबेला सतहमा थियो।



दोस्रो प्रकरण, पूर्व प्रधानमन्त्री झलनाथ खनालसँग जोडिएको 'एन्टी स्नेक भेनम उत्पादन' । समाजवादीका वरिष्ठ नेता झलनाथ खनालका नाममा 'झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान' स्थापना गठन गरी सर्पको विष उत्पादन गरेर सुरुमा भारत निर्यात गर्ने र पछि नेपालमै प्रयोगशाला बनाउने भन्दै तत्कालीन सरकारसँग ७२ करोडको सम्झौता भयो।

सर्लाहीको लालबन्दीमा साढे आठ बिघा जग्गा पाल्ने उद्देश्य लिएर उक्त कार्य अघि बढाएको बताइयो । एन्टी भेनम उत्पादन गर्ने भनी लालबन्दी नगरपालिकामा रिसर्च सेन्टरका नाममा विनियोजित बजेटमध्ये सत्र करोड बराबरको खर्च गरियो । उक्त खर्च हुँदा प्रगति भने 'शून्य' देखिएको दाबीसहित अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ।

यसरी पहुँचका भरमा विस्तृत परियोजना निर्माण र त्यसको लाभहानिको हिसाब नै नगरी राज्यकोषबाट रकम दुरुपयोग गर्ने प्रवृत्ति पछिल्ला वर्षहरूमा ह्वात्तै बढेको पाइन्छ । एन्टी भेनम प्रकरण पनि पहुँचका आधारमा सरकारी रकमको दुरुपयोग गर्नमै केन्द्रित देखियो।

माथि उल्लेख गरिएका दुई वटा पछिल्ला प्रतिनिधि उदाहरणमात्र हुन् । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने भन्दा भ्रष्टाचार गर्ने वर्ग/तह बलियो बन्दै गएको देखिन्छ।

नीतिगत रुपमा गरिएका ठूला भ्रष्टाचार तथा अनियमितताका दर्जनौं उदाहरण प्रस्तुत गर्न सकिन्छ। ठूला भ्रष्टाचारका विषय त राजनीतिक रुपमा उपल्लो तहमा पुग्दासाथ 'केस नै डाइभर्ट' भएका उदाहरण प्रशस्त छन्।

ललिता निवास, सुन प्रकरण, नक्कली भुटानी शरणार्थी, वाइडबडी खरिद, नारायणहिटी संग्रहालय परिसर भाडा, आयल निगमको जग्गा खरिद, नेपाल ट्रस्टका जग्गा भाडा, सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद अडियो प्रकरण आदिका कारण नेपाल अति भ्रष्टाचार हुने मुलुकको सूचीबाट बाहिर निस्कन नसके हो।

उता लडाकु शिविर प्रकरण, यति/ओम्नी, वाइडबडीसँगै ललिता निवास आदि प्रकरणमा मूलधारका राजनीतिक दलका नेतृत्वको नाम जोडिएर आउने समाचार र यी प्रकरणमा प्रधानमन्त्री तथा पूर्वप्रधानमन्त्रीहरूको मिलेमतोले उनीहरूको संलग्नताको विषय सतहमै पोखिन पुगेको छ।

सन्दर्भ अख्तियारले मात्र पूरापूर भ्रष्टाचार निर्मूल गर्न कति सम्भव भन्ने नै हो। भ्रष्टाचार नियन्त्रणमा अख्तियारबाहेक अदालत, संसद् र संसदीय समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, महालेखा परीक्षकको कार्यालय आदिको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसबाहेक राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, राष्ट्र बैंक हुँदै संचार माध्यमसमेतको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

भ्रष्टाचार निर्मूल पार्न जोखिम उठाउनुपर्ने प्रधानमन्त्री कार्यालय मातहतको राजस्व अनुसन्धान विभागका विभागीय प्रमुखको कार्यकाल हेरियो भने उक्त विभागमा २०५० देखि २०८० सम्म आइपुग्दा २६ जना महानिर्देशकको अदलीबदली भइसकेको छ।

भन्सार विभाग, सडक विभाग, सम्पत्ति शुद्धीकरण, पर्यटन विभाग, नापी विभाग, भूमिसुधार विभाग, यातायात विभागका विभागीय प्रमुख अधिक अदलीबदली हुनुको पछाडिको रहस्य भनेकै आर्थिक चलखेल हो भनेर बुझ्न कठिन छैन।

समग्रमा भ्रष्टाचार नियन्त्रण गर्नेभन्दा पनि भ्रष्टाचार गर्ने निकाय बलिया भए । जनतामा सुशासन, समृद्धि र राजनीतिक स्थिरताको नारा दिएर निर्माण भएको सरकारले न त आफ्नो वाचा पूरा गर्ने बाटोमा आफूलाई लैजान सक्यो न त विपक्षी दलले निगरानीको भरपर्दो भूमिकामा आफूलाई राख्न सक्यो।

मूलधारका ठूला दलका नेताको तहसम्मै छानबिन पुग्नासाथ 'भ्रष्टाचार छानबिन नगर्ने' अचम्मको राष्ट्रिय सहमति झाँगिदै गएको छ। जसका कारण हिजोसम्म मूलधारका नेताविरुद्ध देखिएको जनस्तरको असन्तुष्टि बढेर आज संघीय लोकतान्त्रिक गणतन्त्रको तहसम्म चुलिँदैछ।

तथापि, उल्टै आफू सच्चिनेभन्दा पनि सत्तामा रहेर सडक संघर्षमा जाने विरोधाभासपूर्ण निर्णय सत्तारुढ दल माओवादीले लिन पुग्यो । यसभन्दा सत्तालाई नसुहाउँदो विरुप चित्र अरू के होला ?

अर्कातिर अर्थतन्त्र डामाडोल बन्दै जाने, वैदेशिक ऋणको भार कहालीलाग्दो तरिकाले आकासिँदै छ। भ्रष्टाचार नियन्त्रणमा राज्य उदासीन बन्नेमात्र नभई सरकार संलग्न भ्रष्टाचारका ठूला घटना दिनानुदिन बाहिर आउनेजस्ता अवस्थाले मुलुक 'फेल्ड स्टेट'को बाटामा गइराखेको त छैन भन्ने प्रश्न उठेको छ । यसको चित्तबुझ्दो जवाफ २०८४ अघि नै जनताले खोजेका छन्।

आजका मितिमा व्यवस्थाप्रति पनि धेरथोर संशय पैदा हुँदै जानुका पछाडि भ्रष्टाचार छानबिन नगर्न देखिएको 'राष्ट्रिय सहमति' नै हो । भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा सरकारले निर्ममरूपमा आफूलाई प्रस्तुत नगरी अख्तियारको मात्र भरपर्ने हो भने आसन्न निर्वाचन मूलधारका दलका निम्ति फलामको चिउरा बन्ने निश्चित प्रायः देखिन्छ।

# गर्भपतनपछि अपनाउनुपर्ने सावधानी



डा श्रीराम खड्का

महिनावारी भएको दिनबाट गन्दा २८ साताभन्दा पहिले नै गर्भमा रहेको बच्चा विभिन्न कारणले बाहिर निस्कने प्रक्रियालाई गर्भपत्तन भन्ने गरिन्छ। गर्भ पुरा हुनका लागि २८० दिन वा ४० हप्ता पुरा हुनपर्छ। कुनै पनि महिलाले सुरक्षित तवरले गर्भ खेर फाल्नका लागि गर्ने प्रक्रियालाई सुरक्षित गर्भपतन भनिन्छ।

सुरक्षित गर्भपतन मुख्यतया दुई विधिबाट गर्न सकिन्छ जसलाई औषधिको सेवनबाट गरिने गर्भपतन र औजारको प्रयोगबाट गरिने गर्भपतन गरी दुई भागमा विभाजन गर्न सकिन्छ। सुरक्षित तवरले गरिने भएकोले यसलाई सुरक्षित गर्भपतन भनिएको हो। औषधिको सेवनबाट गर्भपतन गराउन नमिल्ने महिलाहरुलाई औजारको प्रयोग गरेर गर्भपतन गराउने गरिन्छ।

हाल नेपाल सरकारको नियमअनुसार १२ सातासम्म गर्भपतनलाई कानुनी मान्यता दिइएको छ। १३ साताभन्दा माथिको गर्भपतन विशेष अवस्थामा मात्रै गर्न मिल्छ। सुरक्षित गर्भपतन तालिम प्राप्त स्वास्थ्यकर्मीबाट मान्यता प्राप्त स्वास्थ्य संस्थामा मात्रै गर्ने गरिन्छ। यसअन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी दुवै मान्यता हुनु आवश्यक छ।

स्वास्थ्य संस्था पिच्छे यसमा लाग्ने खर्च फरक फरक हुन्छ। प्राय सबैजसो सरकारी स्वास्थ्य संस्थाहरुमा निःशुल्क रुपमा सुरक्षित गर्भपतन सेवा उपलब्ध छ।असुरक्षित रुपमा गर्भपतन हुँदाका खतराहरुलाई कम गर्नका लागि सुरक्षित गर्भपतन सेवालाई सरकारले निःशुल्क बनाएको हो। असुरक्षित रुपमा गरिएको गर्भपतनका लागि धेरै महिलाहरुको अकालमा मृत्यु भइसकेको छ। १३ साता भन्दा माथिको असुरक्षित रुपमा गर्भपतन गराउँदा धेरै महिलाहरुको ज्यान गएको सुन्नमा आएको छ।

गर्भपतनको क्रममा या गर्भपतन पछाडि महिलामा कुनै पनि जटिलता नआउनका लागि सुरक्षित गर्भपतन गर्ने गरिन्छ। सुरक्षित गर्भपतन भन्दैमा कुनै पनि जटिलता आउँदै आउँदैंन भने भन्न सकिन्न। सुरक्षित गर्भपतनसँगै पारिवारिक योजनाबारेका अन्य शिक्षा पनि महिलालाई दिनु अत्यावश्यक छ।

**गर्भपतनका कारण**

*सन्तानको रहन पुग्नु ।*

*बच्चा जन्माउँदा महिलाको स्वास्थ्यमा खतरा हुने भएमा ।*

*बलात्कार तथा हाड नाताबीच सम्बन्ध भई गर्भ बसेमा ।*

*बच्चाको लालनपालनका लागि जिम्मेवारी लिने व्यक्ति नभएमा ।*

**गर्भपतनसम्बन्धी कानुनी अधिकार**

सुरक्षित गर्भपतन महिलाहरुको प्रजनन् अधिकार हो। नेपालमा सुरक्षित गर्भपतन सेवा प्रकृया २०६० ले १२ सातासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीमा पतन गर्न पाउने कानुनी मान्यता प्रदान गरिएको छ। जबरजस्ती करणी र हाडनाता बीचको शारीरिक सम्पर्कबाट गर्भ रहेको अवस्थामा १८ हप्तासम्मको गर्भ पतन गर्न पाइने अधिकार महिलामा निहित छ। लिंग पहिचान गरेर, गर्भवती महिलाको सहमति बिना तथा १२ साताभन्दा बढीको गर्भ पतन गराउन नेपालको कानुनले बन्देज लगाएको छ। विशेष अवस्थामा विशेषज्ञ चिकित्सकको अनुमतीमा १८ सातासम्मको गर्भलाई समेत पतन गर्न पाउने अधिकार नेपालको कानुनले प्रदान गरेको छ।



**गर्भपतनपछि महिलाको स्याहार**

- रक्तस्राव बन्द भएको दुई दिनसम्म शारीरिक सम्पर्क गर्नु हुँदैंन ।
- गर्भपतनपश्चात् पेट दुख्ने भइरहेमा चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गर्नुपर्छ। दुखाई कम गर्ने औषधिको समेत सेवन गर्न सकिन्छ।
- दुखाई कम गर्नका लागि पेटको तल्लो भागलाई हल्कासँग मालिस गर्न सकिन्छ।
- झोलयुक्त खानेकुरा पर्याप्त मात्रामा खानुपर्छ।
- अवस्था सामान्य भएपछि मात्रै दैनिक कामकाज गर्न सकिन्छ।

**असुरक्षित गर्भपतन भनेको के हो ?**

असुरक्षित तवरले गरिने जुनसुकै गर्भपतनलाई असुरक्षित गर्भपतन भनिन्छ। असुरक्षित गर्भपतनमा औषधि दिने गर्भपतन पनि पर्न सक्छ। विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार औषधिको सेवनले गरिने गर्भपतन मात्रै सुरक्षित गर्भपतन हो।

यदि विश्व स्वास्थ्य संगठनको मापदण्ड विपरीत औषधिको सेवन गरेर गर्भपतन गरिन्छ, भने त्यसलाई असुरक्षित गर्भपतन भनिन्छ। नेपाल सरकारले १० सातासम्मको गर्भलाई औषधिको सहायताले खेर फाल्न सक्ने नियम बनाएको छ। कतिपयले २० साताको गर्भपतनका लागि समेत औषधि खाइरहेको हामी पाउन सक्छौ, औषधिको डोज फरक परेको अवस्थामा यसरी गरिने गर्भपतनले विभिन्न प्रकारका खतराहरु ल्याउन सक्छन्।

मान्यता प्राप्त स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सहयोगमा औजारको प्रयोग गरेर गरिने गर्भपत्तनका क्रममा निर्मलीकरण गरिएको औजारहरुको प्रयोग गरिन्छ। अवैधानिक रुपमा सञ्चालित स्वास्थ्य संस्थामा निर्मलीकरण बिना नै गर्भपतनका औजारको प्रयोग हुने गर्छ। यसरी गरिने गर्भपतनमा विभिन्न प्रकारका इन्फेक्सनको जोखिम पनि बढी हुन्छ।

**असुरक्षित गर्भपतनका जटिलताहरू**

*रक्तस्राव धेरै हुनसक्ने ।*

*पाठेघर फुट्न सक्ने ।*

*अर्को बच्चा नबस्न सक्ने ।*

*ज्यानै जान सक्ने ।*

*(स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा खड्कासँग स्वास्थ्यखबरकर्मी लक्ष्मी चौलागाईंले गरेको कुराकानीमा आधारित)*

# भूकम्पपीडितको शीघ्र उपचार र एकद्वार प्रणालीबाट राहत होस् : समिति

काठमाण्डु । राष्ट्रियसभाअन्तर्गत राष्ट्रिय सरोकार तथा समन्वय समितिले जाजरकोटमा शुक्रबार राति गएको भूकम्पबाट प्रभावितको शीघ्र उद्धार, उपचार तथा एकद्वार प्रणालीबाट राहत वितरणका लागि सरकारलाई निर्देशन दिएको छ।

समितिको आइतबार बसेको बैठकले भूकम्पले पुऱ्याएको धनजनको क्षतिप्रति दुःख व्यक्त गर्दै उद्धार तथा राहतमा प्रभावकारी ढङ्गले काम गर्न सरकारलाई निर्देशन दिएको हो।

बैठकको निर्देशनमा भनिएको छ, "भूकम्पबाट प्रभावित व्यक्तिको शीघ्र उद्धार, घाइतेको शीघ्र उपचार, पीडितलाई एकद्वार प्रणालीमार्फत उचित राहत, पुनःस्थापना र क्षति भएका संरचनाको उपयुक्त कार्ययोजना बनाएर शीघ्र पुनःनिर्माणमा जुट्न निर्देशन गर्दछ।"

सभापति दिलकुमारी रावलको अध्यक्षतामा बसेको उक्त बैठकले काठमाडौँ डाँछीमा सञ्चालनमा रहेको लागत प्रभावी अर्गानिक कृषि प्रविधिको स्थलगत अवलोकन गर्ने निर्णय पनि गरेको छ।रासस

# भ्रष्टाचारको अभियोगमा अधिकारीविरुद्ध मुद्दा दायर




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लुम्बिनी प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन प्रदेश सचिव वैकुण्ठ अधिकारीसमेत चार जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

आयोगका अनुसार आर्थिक वर्ष २०७५/७६ मा सो मन्त्रालयले विभिन्न कृषि समूह, सहकारी संस्थामार्फत किसानलाई कृषियन्त्र आपूर्ति गर्ने काममा भ्रष्टाचार भएको पाइएको जनाएको छ। सम्झौताविपरीत कम क्षमता र गुणस्तरको कृषि यान्त्रिक उपकरण वितरण गरेको पाइएको तथा सोही कार्यमा बद्नियत देखिएकाले आयोगले अनुसन्धान गरेको थियो। सो काममा रु एक करोड ३१ लाख ६० हजार बराबरको भ्रष्टाचार भएको आयोगले ठहर गरेको छ।

आयोगले तत्कालीन प्रदेश सचिव अधिकारी, कृषि व्यवस्था, कृषि सहकारी मन्त्रालयका महाशाखा प्रमुख श्रीधर ज्ञवाली, कृषि प्रसार अधिकृत मुकेश राम्जाली नेपाली र कृषियन्त्र आपूर्तिकर्ता आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक राजाराम तिवारी विरुद्ध पनि समान बिगो दावी गरिएको छ। उनीहरुविरुद्ध रु एक करोड ३१ लख ६० हजार बराबरको बिगो र कैद सजायको माग गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिनुभयो।रासस

# राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउन प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जाजरकोट-भूकम्पपीडितको राहत र पुनःस्थापनालाई प्रभावकारी रुपमा सञ्चालन गर्न निर्देशन दिनुभएको छ। सिंहदरबारमा आइतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकलाई सम्बोधन गर्दै उहाँले भूकम्प प्रभावित जनतालाई विश्वासमा लिएर तयारीका साथ काम गर्न निर्देशन दिनुभएको हो।



प्रधानमन्त्री दाहालले भूकम्पले ठूलो धनजनको क्षति गरेकोमा गहिरो दुःख व्यक्त गर्दै विपत्तिलाई पुनःनिर्माणको महत्वपूर्ण अवसरका रुपमा सदुपयोग गर्नुपर्नेमा जोड दिनुभयो। जाजरकोट र रुकुम पश्चिममा गएको विनासकारी भूकम्पको क्षति र सरकारले चाल्नुपर्ने कदमबारे छलफल गर्न बोलाइएको विपद् व्यवस्थापन जोखिम न्यूनिकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १३औँ बैठकमा बोल्दै प्रधानमन्त्री दाहालले विपदपछिको उद्दार, राहत र पुनःनिर्माण प्रभावकारी बनाउनेतर्फ गम्भीर हुन सबैलाई निर्देशित गर्नुभएको हो।

प्रधानमन्त्री दाहालले भूकम्प गएलगत्तै तीनै तहका सरकार र निकायबाट गरिएको पहल सकारात्मक रहेको उल्लेख गर्नुभयो। उहाँले विस २०७२ को भूकम्प गएको समयमा गरिएको असल अभ्यासका आधारमा विद्यमान ऐन, नियम र संरचनालाई पुनःसंरचना गरी शीघ्र रुपमा काम गर्नका लागि तयारी गरिएको बताउनुभयो।

"भूकम्पपछि सबै दल, सङ्घीय सरकार र विभिन्न निकायहरु, प्रदेश सरकार र स्थानीय सरकारले लिएको पहलका निम्ति सबैमा धन्यवाद व्यक्त गर्दछु। हिजो हामीले खोज, उद्धार र उपचारको काम गर्नुपर्थ्यो, हामीले त्यो काम मूलभूत रुपमा पूरा गरेका छौँ। अब राहत र पुनःस्थापनातर्फ केन्द्रित हुनुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो।

उहाँले भूकम्पपीडितहरुलाई न्यानो कपडाको व्यवस्थापन गर्न र उपचार प्रभावकारी बनाउन निर्देशन दिनुभयो। नेपाल प्राकृतिक विपदको जोखिममा रहेको मुलुक भएको भन्दै प्रधानमन्त्री दाहालले सरकारले जति पहल गर्नुपर्ने हो र जनतामा जति चेतना अभिवृद्धि गर्नुपर्ने हो त्यो नपुगेको बताउनुभयो। "अबको तीन दिन राहतका निम्ति अधिकतम पहल गरौँ। पुनःस्थापना प्रभावकारी बनाउनुपर्छ। त्यसका लागि आवश्यक पर्ने ऐन, कार्यविधि र संरचना चाहिन्छ। विद्यमान ऐन, विधि र संरचनाले पुनःनिर्माणको काम प्रभावकारी देखिएको छैन, विगतको अनुभवको पनि हामीले राम्रो समीक्षा गर्नुपर्छ", उहाँले भन्नुभयो।

विसं २०७२ को भूकम्पपछि पनि प्रभावकारी रुपमा काम गर्न नसकेको भन्दै उहाँले भूगोलको अध्ययन गरी कुन भूगोल भूकम्पको जोखिममा छ भन्ने विषय त्यसको अध्ययन आवश्यक भएको बताउनुभयो। "यसपटक सबैतिर भौगोलिक अध्ययन गर्ने र त्यसका आधारमा बस्ती बसाल्नेतर्फ सोच्नुपर्छ। विपदका लागि आवश्यक सामग्री सबै जिल्लामा राख्ने गरी काम गरौँ। अहिलेदेखि नै ती सामग्री 'स्टोर' गरेर राखौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसपटक एकद्वार प्रणालीबाट जान्छौँ। जसलाई जे मन लाग्छ, त्यो गर्न दिइँदैन। राहतमा हुने दुरुपयोग रोक्छौं। केन्द्र, प्रदेश र स्थानीय सरकारमार्फत मात्र राहत दिने स्थिति बनाउँछौं।"

विगतमा सरकारनिरिह भएको अनुभव सुनाउँदै प्रधानमन्त्री दाहालले यसपटक त्यस्तो नहुने बताउनुभयो। "यसपटक आवश्यकताका आधारमा सबै पीडितलाई समान व्यवहार गर्ने नीति लिन्छौँ", उहाँले भन्नुभयो।

बैठकमा उपप्रधानमन्त्री एव् गृहमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री डा प्रकाशशरण महत, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बस्नेत, कृषि तथा पशुपन्छी विकास मन्त्री मन्त्री डा बेदुराम भुसाल, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री अशोककुमार राई, सहरी विकास मन्त्री सीता गुरुङ, भौतिक योजना तथा निर्माण मन्त्री प्रकाश ज्वाला, नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मालगायतले प्रधानमन्त्री दाहालले देखाउनुभएको सक्रियता र खटाइको प्रसंशा गर्नुभएको थियो। उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले भन्नुभयो, "प्रधानमन्त्री आफैले उद्धारको पहल लिनुभयो, उद्धारको काम लगभग पूरा भएको छ। अहिले कोही पनि बेपत्ता छैनन्। अब हाम्रो ध्यान राहतमा केन्द्रित हुनुपर्छ।" पूर्वमन्त्री गङ्गाधर तुलाधरले प्रधानमन्त्रीको सक्रियताले भूकम्पपीडितप्रति सरकार कति गम्भीर छ भन्ने कुरा प्रष्ट भएको धारणा राख्नुभयो। उर्जामन्त्री शक्ति बस्नेतले प्रधानमन्त्री स्वयंले पहल लिएका कारण राज्यका सबै संयन्त्र प्रभावकारी रूपमा परिचालित भएको बताउँदै भूकम्प पीडितको घाउमा मलहम लगाउन सरकार सफल भएको बताउनुभयो।

भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वालाले भूकम्प प्रभावितको उद्धार, राहत र उपचारमा प्रधानमन्त्री स्वयंले नेतृत्व लिनु सकारात्मक भएको बताउनुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बस्नेतले प्रधानमन्त्रीको तदारुकता प्रशंसायोग्य रहेको भन्दै जिम्मेवार र सक्रिय प्रधानमन्त्री पाएकोमा खुसी व्यक्त गर्नुभयो। नेपाल सेनाका प्रधानसेनापति प्रभुराम शर्माले प्रधानमन्त्री स्वयं खट्दा सिङ्गो राज्ययन्त्र परिचालित भएको बताउनुभयो। रासस

# विधायिकाको भूमिका कमजोर भयो : नेत्री कठायत

काठमाण्डु । "सङ्घीय संसद्को दुवै सदनको चालू अधिवेशन बिहीबारदेखि अन्त्य भयो। पछिल्लो १० महिनामा हामीले एउटा मात्रै कानुन बनाउन सक्यौँ", राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद विनिता कठायतले भन्नुभयो, "यस्तो अवस्थामा विधायिकाको भूमिकामाथि प्रश्न उठ्न अस्वभाविक होइन।"

'सांसदसँग रासस' संवादका क्रममा सांसद कठायतले सांसद र सरकार दुवै कानुन निर्माणमा भन्दा अन्य काममा बढी केन्द्रित हुँदा कानुन निर्माण गर्ने विधायिकाको भूमिका कमजोर भएको बताउनुहुन्छ। उहाँ संसद प्रभावकारी नहुनुको कारण दलगत स्वार्थ र टकराव हो। "हाम्रो पहिलो काम र कर्तव्य कानुन निर्माण नै हो।



जुन हामी पूर्णरुपमा गरिरहेका छैनौँ", उहाँले भन्नुभयो, "तर विकास निर्माणका काममा योजना हाल्ने, कर्मचारी सरुवा बढुवा गराइदिने र यताको कुरा उता गराइदिनेमा मात्रै बढी केन्द्रित भयौ जस्तो लाग्छ। मुख्य काममा ध्यान गइरहेको छैन। कानुन निर्माणमा हुनुपर्ने समय अन्यत्रै खर्च भइरहेको छ।"

सांसद कठायतले सांसदको भूमिकाबारे जनता र जनप्रतिनिधि दुवै स्पष्ट हुनुपर्ने बताउनुहुन्छ। २८ वर्षीय सांसद कठायत २०७९ सालको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) को खस आर्यबाट पहिलो पटक समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो।

जुम्लाको चन्दननाथ नगरपालिकाको बासिन्दा कठायतको पारिवारिक राजनीतिक पृष्ठभूमि पुरानो राजनीतिक दलसँग जोडिएको छ। तर रास्वपा सभापति रवि लामिछानेसँग एक सञ्चारमाध्यममा काम गर्दै गर्दा उहाँले रास्वपा पार्टी स्थापनादेखि सदनसम्म जोडिन आइपुग्नु भएको हो। संसदीय अभ्यासको १० महिनासम्मको अनुभव रासससँग सुनाउँदै उहाँले भन्नुभयो, "सांसदबारे जति सुनेको थिए त्यतिमात्र सोचेको थिएँ। यदि म सांसद भएको भए धेरै काम गर्थे भन्ने हुन्थ्यो। जुन सांसद भएपछि धेरै फरक भएको पाएँ।" सांसदको भूमिकालाई प्रभावकार रुपमा निर्वाह गर्न आफूलाई 'अपग्रेड' गर्दै लगेको उहाँको भनाइ छ।

"संसदीय अभ्यासको सुरुआती दिनमा पार्टी सभापतिले ठूला दलका नेताबाट सिक्नु हौसाउनुहुन्थ्यो। हामी डायरी र पेन लिएर बस्थ्यौँ", सांसद कठायतले भन्नुभयो, "तर अहिले मन लाग्दैन। उहाँहरुले गरिरहेको अभ्यास हामीलाई सिक्नु छैन। उहाँहरुले गर्नुभएको अभ्यासलाई निरन्तरता दिने हो भने नयाँ पुस्ता राजनीतिमा आउने छैनन्।"

उहाँले जनताको अपेक्षाअनुसार काम गर्न नसक्दा जनप्रतिनिधिले गर्व गर्ने ठाउँ नभएको बताउनुभयो। "तपाईं सांसद हो, तपाईंले गर्नुपर्छ भन्नुहुन्छ, उहाँहरुको विश्वासले हामीलाई हौसला बढेको छ। तर म र मेरो पार्टीको २१ जनाले मात्र गरेर सम्भव हुदैन", उहाँले भन्नुभयो, "म सांसद हुँ भनेर गर्व गर्ने अवस्था छैन।"

कर्णाली प्रदेशका जनताको आवश्यकताबारे सरकारको ध्यानाकर्षण गराउन सधैँ अगाडि रहनुभएको सांसद कठायतले स्थानीय तहसँग 'इगो'को समस्याका कारण वास्तविक समस्या समाधान हुन नसकेको अनुभव सुनाउनुभयो। "तीन तहको सरकारबीच समन्वय नहुँदा सहकार्यमा समस्या भइरहेको छ। कतिपय समस्या सङ्घमा ल्याउनै नपर्ने हुन्छ, स्थानीय तहले नै सुन्ने र समाधान गर्ने समस्यालाई पनि इगोका कारण अल्झाइरहने स्थिति देखेको छु", उहाँले भन्नुभयो।

अझ फरक-फरक राजनीतिक पार्टीको सरकार हुने स्थानमा समस्या धेरै हुने उहाँको भनाइ छ। सदनमा कर्णालीको जनताको आवाज बोल्ने सांसद कठायतलाई जनप्रतिनिधिका रुपमा विश्वास जित्न उति सजिलो नहुने उहाँको अनुभव छ। "मेरो उमेर, तौल र अनुहार हेरेर कस्तो फुच्चे रहेछ भनेर नपत्याउने समस्या पनि हुने रहेछ। म महिला हुँ, त्यसका कारण पनि अविश्वास गर्नेछन्", उहाँले भन्नुभयो।

प्रतिनिधिसभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक प्रकोप समितिको सदस्यसमेत रहनुभएका कठायतले युवाको सहभागिताबिना विकास सम्भव नहुने भन्दै पछिल्लो समय युवा नै विदेशिनेक्रम बढेकोप्रति चिन्ता व्यक्त गर्नुभयो। राज्यले युवामाथि विश्वास गर्दै उनीहरुमा विश्वासको वातावरण सिर्जना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

"बङ्गलादेशमा अध्ययनरत एक नेपाली विद्यार्थीले अध्ययनका विदेश गएका हामी के आधारमा देश फर्किने ? भनेर सोध्नुभयो", सांसद कठायतले भन्नुभयो, "उहाँको प्रश्नले नमज्जाले दुःख्यो, हामी प्रयास गर्दैछौँ कृपया नेपाल फर्किनुहोस् र मिलेर काम गरौँ भन्नुबाहेक उत्तर थिएन।"रासस

# उपप्रधानमन्त्री सहितको उच्चस्तरीय टोलीद्वारा घाइतेको उपचारबारे जानकारी

खजुरा । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासहितको एक उच्चस्तरीय टोलीले जाजरकोट भूकम्पमा परी घाइते भएकाको उपचार र उनीहरुको स्वास्थ्यअवस्थाबारे जानकारी लिएको छ।

नेपालगञ्जस्थित भेरी अस्पतालमा पुगेर उक्त टोलीले घाइतेको उपचारबारे जानकारी लिएको हो। टोलीमा उपप्रधानमन्त्रीसँगै कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्मा, नेपाली कांग्रेस कर्णाली प्रदेश संसदीय दलका नेता तथा निवर्तमान मुख्यमन्त्री जीवनबहादुर शाही, नेपाली सेना उत्तरपश्चिम पृतना हेडक्वाटरका पृतनापति उपरथी कृष्णदेव भट्ट, कांग्रेस कर्णाली प्रदेश सभापति ललितजङ्ग शाहीलगायत हुनुहुन्थ्यो। उपप्रधानमन्त्री खड्काले घाइतेसँग भेटेर उनीहरूको उपचारबारे जानकारी लिएपछि पत्रकारलाई प्रतिक्रिया दिँदै भूकम्प उपप्रधानमन्त्री खड्काले भूकम्पपीडितको उपचार, राहत र पुनःस्थापनाका लागि सरकारले युद्धस्तरमा काम गरिरहेको बताउनुभयो। उहाँले भूकम्प गएपछि प्रधानमन्त्री आफैँले प्रभावित जिल्लामा पुगेर तत्काल उद्धार, उपचार र राहतको काम सुरु गर्नुभएकाले सरकारको सबै निकाय काममा लागेको बताउनुभयो।

उपप्रधानमन्त्री खड्काले अब राहत र पुनर्निर्माणमा केन्द्रित हुने जनाउँदै सरकारले घाइतेको सम्पूर्ण उपचार निःशुल्क गरेकाले उपचारमा कुनै समस्या नहुने प्रस्ट पार्नुभयो। भेरी अस्पतालका प्रमुख डा पवनजङ्ग रायमाझीले घाइतेको उपचारबारे टोलीलाई जानकारी गराउनुभएको थियो।

भूकम्पमा परी घाइते भएकामध्ये नेपालगञ्जमा अहिले ३८ जनाको उपचार भइरहेको छ। नेपालगञ्जमा उपचाररत रहनुभएका ३८ जनामध्ये २१ महिला र १८ पुरुष रहेको आपत्कालीन कार्य सञ्चालन केन्द्रका फोकल पर्सन नरेश श्रेष्ठले बताउनुभयो। उनीहरूमध्ये १२ जना बालबालिका, एकजना गर्भवती महिला र पाँचजना ज्येष्ठ नागरिक रहेका छन्। उपचारका लागि नेपालगञ्ज ल्याइएका घाइते बिरामीमध्ये एक बाँकेका, २४ जाजरकोटको, १३ रुकुमपश्चिमको र एकजना सल्यानको रहेको भेरी अस्पतालले जनाएको छ। एकजनालाई अस्पताल पुगाउनुअघि नै मृत्यु भइसकेको छ।

## दुई दिनभित्र सबै भूकम्पपीडितले राहत पाउनुहुन्छ : उपप्रधानमन्त्री खड्का



काठमाण्डु । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले भूकम्पमा ज्यान गुमाउनुभएका जाजरकोट नलगाड नगरपालिकाका उपप्रमुख सरिता सिंहलगायतकालाई आइतबार श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

आइतबार दिउँसो उपप्रधानमन्त्री खड्काले जाजरकोटको त्रिवेणी नदीमा उपप्रमुख सिंहलाई राष्ट्रिय झण्डा ओढाएर श्रद्धाञ्जली अर्पण गर्नुभएको हो। सो अवसरमा उपप्रधानमन्त्री खड्कासहित कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्मालगायतको उपस्थिति थियो।

उपप्रधानमन्त्री खड्काले भूकम्पपीडितको उपचार, राहत र पुनःस्थापनालाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो। उहाँले राज्यको सम्पूर्ण संयन्त्र परिचालन गेरर एकैदिनमा घाइतेलाई उद्धार गर्न सरकार सफल भएको बताउँदै आजदेखि राहत वितरण सुरू गरिने जानकारी दिनुभयो।

"दुई दिनभित्र सबै भूकम्पपीडित नागरिकसम्म पुग्नेगरी राहत सामग्री पठाएका छौँ, थप केही आउनेक्रम जारी छ", उहाँले भन्नुभयो, "जसरी भूकम्पका घाइतेको उद्धार गरेका छौँ, सोही गतिमा राहत पनि वितरण गर्छौं।" उपप्रधानमन्त्री खड्काले राहतलगत्तै पुनःनिर्माणको काममा सुरु हुने बताउनुभयो। उहाँले घाइतेहरूको उपचार सुर्खेत, नेपालगञ्ज र काठमाडौँमा भइरहेको बताउँदै उपचारमा कुनै किसिमको कमी हुन नदिने प्रतिबद्धता जनाउनुभयो।

गत शुक्रबार राति ११:४७ बजे जाजरकोट केन्द्रबिन्दु बनाएर गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पका कारण नलगाड नगरपालिकामा उपप्रमुख सिंहसहित ५५ जनाको ज्यान गएको थियो भने जाजरकोट र रुकुम पश्चिमका विभिन्न क्षेत्रमा ठूलो मानवीय र भौतिक क्षति भएको थियो।

नलगाड नगरपालिका- ४ का अध्यक्ष बद्रीबहादुर पन्तले उपप्रमुख सिंहको निधनबाट पालिकालाई ठूलो क्षति पुगेको बताउनुभयो। "पालिकाको विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने व्यक्ति गुमाउँदा ठूलो पीडा भएको छ", उहाँले भन्नुभयो।

उपप्रमुख सिंहको निधन सदरमुकाम खलङ्गामा भए पनि श्रद्धाञ्जलीका लागि उहाँको पार्थिव शरीर नलगाड ल्याइएको थियो। अध्यक्ष पन्तका अनुसार भूकम्पमा परी मृत्यु भएका पालिकाका ५५ जनाकै दाहसंस्कार भइसकेको छ।रासस

# गालीगलौजको प्रवृत्तिले कांग्रेस कमजोर भएको गुनासो

भक्तपुर । नेपाली कांग्रेसका सहमहामन्त्री भीष्मराज आङदेम्बेले नेपाली कांग्रेसभित्र आन्तरिक रुपमा एकले अर्कालाई गाली गर्ने प्रवृत्तिले पार्टीलाई कमजोर बनाएको बताउनुभएको छ।

नेपाली कांग्रेस भक्तपुर क्षेत्र नं २ प्रदेशसभा 'क' को दधिकोटमा आइतबार आयोजना गरिएको प्रथम सम्मेलनको उद्घाटन गर्दै उहाँले पार्टीभित्र उत्पन्न विभिन्न गुटउपगुटका कारण पार्टी कमजोर भएको बताउनुभयो। उहाँले भन्नुभयो, "एकले अर्कोलाई गाली गर्ने प्रवृत्तिले इमान्दार कार्यकर्ताको भावनामा ठेस पुग्दा पार्टी कमजोर भएकाले यस्ता गतिविधि रोक्नुनुपर्छ।" नेपाली कांग्रेसका केन्द्रीय सदस्य मदनकृष्ण श्रेष्ठ, केन्द्रीय सदस्य रमा कोइराला पौडेलले पार्टी विधानसम्मत् रुपमा चल्न सके सबै समस्या समाधान हुने औँल्याउनु भयो।

नेपाली कांग्रेस बागमती प्रदेशका सभापति इन्द्र बानियाँले नयाँ पार्टीले चाहेर पनि कांग्रेसको इतिहास मेटाउने नसक्ने बताउनुभयो। नेपाली कांग्रेस भक्तपुरका सभापति एवम् सांसद दुर्लभ थापाले एकअर्कालाई गालीगलौज गर्ने प्रवृत्ति त्याग्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसका सूर्यविनायक नगर सभापति निशान ढुङ्गेल, भक्तपुर क्षेत्र नं २ प्रदेश सभा ख का सभापति ओमप्रकाश श्रेष्ठ, भक्तपुर क्षेत्र नं २ का सभापति भेषबहादुर कार्की, क्षेत्र नं १ का सभापति जीवन खत्री, बागमती प्रदेशसभा सदस्य सुरेश श्रेष्ठले कांग्रेस कमजोर भए लोकतन्त्र कमजोर हुने बताउनुभयो।रासस

# पुनःस्थापनाका लागि एकीकृत कार्ययोजना तयार गरिने

काठमाण्डु । नेपाल सरकारले जाजरकोट-भूकम्पबाट प्रभावितको खोज, उद्धार र राहत वितरण कार्यलाई प्रभावकारी बनाउँदै तत्काल मर्मतसम्भार सम्पन्न भएपछि पुनःस्थापनाका लागि एकीकृत कार्ययोजना तयार गरी एक वर्षभित्र भूकम्प प्रतिरोधी आवास निर्माण गर्ने निर्णय गरेको छ।

सिंहदरबारमा आइतबार सम्पन्न मन्त्रिपरिषद्को आकस्मिक बैठकले खोज, उद्धार र राहत वितरण कार्यलाई प्रभावकारी बनाउन सुर्खेतलाई मुख्य र नेपालगञ्जलाई सहायक सम्पर्क कार्यालय तोक्ने निर्णय गरेको बैठकपछि नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो।

उहाँले राहत र पुनःस्थापनाका लागि छिमेकी एवं मित्रराष्ट्रबाट औपचारिक प्रस्तावमार्फत प्राप्त हुने सहयोग स्वीकार गरी धन्यवाद दिने निर्णय भएको जानकारी दिनुभयो। बैठकले भूकम्पमा परी निधन भएकाका परिवारलाई प्रतिव्यक्ति रु दुई लाखका दरले दिने र सरकारी अस्पतालमा सबै घाइतेको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ।

प्रभावित क्षेत्रमा हालका लागि अस्थायी आवासका लागि टहरा निर्माण गर्ने निर्णय बैठकले गरेको छ। "परम्परागत निर्माण विधि र विद्यमान खरिद ऐनबाट यो पुनःनिर्माण कार्य प्रभावकारीरुपमा सम्पन्न हुन सक्दैन, चुस्त र प्रभावकारी संरचनाबाट पुनःनिर्माण हुनुपर्छ भन्ने विषय मन्त्रिपरिषद्को बैठकमा उठेको छ, यसबारे गृहकार्य गरी कार्ययोजना बन्नेछ", मन्त्री शर्माले भन्नुभयो, "भूकम्पपीडितका लागि घर बनाउन अनुदान दिने ढाँचाबारे पनि छलफल भएको छ, जसका लागि दिने हो, उनीहरुले अनुदान पाउनुपर्छ र आवासका लागि घर बनाइसकेपछि त्यहाँ मानिस नै बस्नुपर्छ, उपयोगविहीन हुनु हुँदैन।"

खोज, उद्धार र राहतमा खटिने राष्ट्रसेवकलाई खाजा खर्च दिने निर्णयसमेत गरिएको छ। साथै बैठकले विपद्को यस घडीमा धैर्यधारण गर्न सबैमा आग्रह गरेको छ।रासस

# भूकम्प पीडितहरुलाई विभिन्न निकायद्वारा सहयोग घोषणा

## भूकम्पमा मृत्यु भएकाका परिवारलाई सरकारले दुई लाख राहत दिने

काठमाण्डु । नेपाल सरकारले जाजरकोट भूकम्पमा परी मृत्यु भएका व्यक्तिका प्रतिपरिवारलाई रु दुई लाखका दरले राहत दिने निर्णय गरेको छ । सिंहदरबारमा आइतबार बसेको मन्त्रिपरिषद् बैठकको निर्णयबारे जानकारी गराउँदै नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले तत्काल राहतस्वरुप पहिलो चरणमा सो सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिनुभयो ।

यसैगरी जाजरकोट भूकम्पका कारण मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै राहत तथा उद्धारको कामलाई तीव्रता दिने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय भएको मन्त्री शर्माले जानकारी दिनुभयो । शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भई ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट र रुकुमपश्चिम जिल्लामा एक सय ५७ जनाको निधन भएको थियो । रासस

## भूकम्प प्रभावितलाई भरतपुर महानगरले एक करोड सहयोग गर्ने

चितवन । भरतपुर महानगरपालिकाले भूकम्प प्रभावितका लागि रू एक करोड आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । आइतबार बसेको ८७औँ कार्यपालिका बैठकले सो निर्णय गरेको हो ।

भूकम्प प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत, उपचार, पुनःस्थापना तथा पुनःनिर्माण लगायतका कार्यमा सहयोग पुऱ्याउन महानगरले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रू एक करोड जम्मा गर्ने निर्णय गरेको महानगर प्रमुख रेनु दाहालले जानकारी दिनुभयो ।

उक्त सहयोग रकम जनप्रतिनिधिको एक महिनाको, अधिकृतस्तरका कर्मचारीको पाँच दिनको, सहायक स्तरसम्मका कर्मचारीको तीन दिनको, मावि शिक्षकको तीन दिनको, आधारभूत तहका शिक्षकको दुई दिनको तलब र महानगरपालिकाको विपद् व्यवस्थापन कोषबाट हुने गरी मिलाइएको उहाँले बताउनुभयो । प्रमुख दाहालका अनुसार भूकम्प प्रभावितलाई नगद, जिन्सी तथा खाद्यान्न सहयोगका लागि सम्पूर्ण भरतपुरवासीलाई आह्वान गरिएको छ । शुक्रबार राति जाजरकोट केन्द्रविन्दु भएर गएको ६ दशमलव ४ म्याग्निच्युडको भूकम्पले जाजरकोट र रुकुमपश्चिममा ठूलो जनधनको क्षति भएको छ ।

भूकम्पको केन्द्रबिन्दु आसपास रहेका जाजरकोट, रुकुमलगायतका जिल्लाका धेरै कच्ची घर भत्किएका छन् भने मानवीय क्षतिसँगै पशुचौपाया र भौतिक संरचनामा क्षति पुगेको छ ।रासस

## भूकम्प पीडितलाई सांसद पौडेल र प्रदेशसभा सदस्य सुवेदीको एक महिनाको तलब

काठमाण्डु । नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले जाजरकोट भूकम्पका पीडितलाई राहत र पुनःस्थापनका लागि सरकारको कोषमा आफ्ना तर्फबाट एक महिनाको तलब सहयोग गर्ने घोषणा गर्नुभएको छ ।

सांसद पौडेलले आइतबार विज्ञप्ति प्रकाशन गरी भूकम्पले पुऱ्याएको विपत्तीमा केही सहयोग पुगोस् भन्ने उद्देश्यले सङ्घीय सांसदका रुपमा प्राप्त एक महिनाको तलब हस्तान्तरण गर्ने घोषणा गर्नुभएको हो ।

उहाँले जाजरकोटको रामीडाँडा केन्द्रविन्दू भएर शुक्रबार राति गएको भूकम्पमा परी जाजरकोट र रुकुम पश्चिममा भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्नुभएको छ ।

सैगरी गण्डकी प्रदेशसभाका सदस्य डिल्लीराम सुवेदीले पनि भूकम्प पीडितको सहयोगका लागि आफ्नो एक महिनाको पारिश्रमिक उपलब्ध गराउने घोषणा गर्नुभएको छ । हिजो बागलुङमा उहाँले भूकम्पबाट प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिमका पीडितहरूको राहत तथा उद्धारका लागि सरकारले स्थापना गर्ने राहत कोषमा आफ्नो एक महिनाको पारिश्रमिक जम्मा गर्ने उहाँले जानकारी दिनुभएको हो ।

बागलुङ क्षेन नम्बर १ (२) बाट प्रदेश सभा सदस्यमा निर्वाचित सुवेदीले भूकम्पमा परेर घाइते भएकाहरुको यथोचित स्वास्थ्य उपचार र त्यसपछि राहातको व्यवस्था गर्न माग पनि गर्नुभयो । उहाँले सो प्राकृतिक बिपत्तिमा परी ज्यान गुमाएकाहरुप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ ।रासस

## कांग्रेस सांसदले १५ दिनको पारिश्रमिक भूकम्पपीडितलाई दिने

काठमाण्डु । नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने सांसदहरुले भूकम्पपीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि १५ दिन बराबरको पारिश्रमिक सहयोग गर्ने भएका छन् । कांग्रेस संसदीय दलको आइतबार बसेको बैठकले भूकम्पपीडितका लागि सङ्घीय संसद्मा कांग्रेसका तर्फबाट प्रतिनिधित्व गर्नुहुने सदस्यको १५ दिन बराबरको पारिश्रमिक सहयोगस्वरुप नेपाल सरकारलाई उपलब्ध गराउने निर्णय गरेको हो ।

पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा धुम्बाराहीस्थित उहाँको निवासमा बसेको बैठकले भूकम्पमा परी जीवन गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

यसैगरी बैठकले भूकम्पबाट मानवीय क्षति, भौतिक क्षति र सयौँ घाइते भएको घटनाप्रति दुःख व्यक्त गरेको पार्टीका प्रमुख सचेतक रमेश लेखकले जानकारी दिनुभयो । शुक्रबार राति ११:४७ बजे जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिमका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति भएको थियो । रासस

## भूकम्पपीडितलाई राप्रपाको रु २५ लाख सहयोग

काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले भूकम्पपीडितलाई रु २५ लाख सहयोग गर्ने निर्णय गरेको छ ।

कार्यवाहक अध्यक्षको समेत जिम्मेवारी सम्हाल्नुभएका वरिष्ठ नेता उपाध्यक्ष बुद्धिमान तामाङको अध्यक्षतामा आइतबार केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको बैठकले पार्टीको तर्फबाट रु २५ लाख र पार्टीका सङ्घीय सांसद र प्रदेशसभा सदस्यहरुको एक महिना बराबरको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गर्ने निर्णय गरेको हो ।

बैठकले भूकम्प प्रभावित क्षेत्रमा उद्धारमा पार्टीको तर्फबाट सहयोग गर्न जाजरकोट जिल्लाका लागि प्रतिनिधिसभा सदस्य ज्ञानबहादुर शाहीको संयोजकत्वमा र रुकुम पश्चिमका लागि पार्टीका सहायक महामन्त्री सौरेन्द्रबहादुर शाहको संयोजकत्वमा जनपरिचालन गर्ने निर्णय समेत गरेको छ ।

सो पार्टीको आइतबारको बैठकले पार्टीले भूगोल केन्द्रित जिम्मेवारी कार्यक्रममध्ये जाजरकोट र रुकुम पश्चिमका कार्यक्रम आगामी मंसिर १५ गतेसम्मका लागि र आमसभा, विरोधसभा तथा प्रदर्शनका कार्यक्रम कात्तिक मसान्तसम्मका लागि स्थगित गर्ने निर्णय गरेको छ ।

जाजरकोटको बारेकोट गाउँपालिका-१ रामिडाँडा केन्द्रबिन्दु भएर गत शुक्रबार राति गएको छ दशमलव चार रेक्टरको भूकम्पले जाजरकोट तथा रुकुम पश्चिम जिल्लामा भएको जनधनको क्षतिप्रति राष्ट्रिय प्रजातन्त्र पार्टी दुःख प्रकट गरेको छ ।रासस

## गोदावरी नगरपालिकाले भूकम्पपीडितलाई २५ लाख दिने

गोदावरी । गोदावरी नगरपालिकाले भूकम्पपीडितलाई रु २५ लाख दिने निर्णय गरेको छ ।

नगरपालिकाका नगर प्रमुख गजेन्द्र महर्जनले जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु भएर गत शुक्रबार राति ११:४७ बजे गएको ६.४ म्याग्नेच्युडको भूकम्पमा परेका भूकम्पपीडितको उद्धार, राहत र पुनःस्थापनाका लागि विपद् व्यवस्थापन कोषबाट रु २५ लाख सहयोग गरेको जानकारी दिनुभयो । भूकम्पपछि जाजरकोट र रुकुम पश्चिम लगायतका प्रभावित क्षेत्रमा ठूलो सङ्ख्यामा मानवीय क्षति, भौतिक क्षति तथा सयौँ सङ्ख्यामा घाइते भएकोप्रति दुःख प्रकट गर्दै उहाँले भन्नुभयो, "विपद्को समयमा सबै एक भएर विपद्को सामना गर्नुपर्छ ।" रासस

## भूकम्पपीडितलाई पर्वतारोहण सङ्घबाट रु ३१ लाख सहयोग

काठमाण्डु । नेपाल पर्वतारोहण सङ्घले भूकम्प पीडितलाई सहयोग पुऱ्याउने उद्देश्यले रु ३१ लाख ११ हजार एक सय ११ सहयोग गर्ने निर्णय गरेको छ ।

सङ्घको आइतबार सम्पन्न केन्द्रीय कार्यकारी बोर्ड बैठकले भूकम्पपीडितलाई सो सहयोग उपलब्ध गराउने निर्णय गरेको हो ।

सङ्घको आन्तरिक स्रोतबाट उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा जम्मा गर्ने निर्णय भएको सङ्घका महासचिव मोहन लम्सालले जानकारी दिनुभयो ।

उहाँले प्रधानमन्त्रीलाई भेटेर सहयोग रकमको चेक हस्तान्तरण गरिने बताउनुभयो । बैठकले नेपालमा भूकम्प पीडितलाई सहयोग जुटाउन विश्वभरका अल्पाइन क्लबहरुलाई आग्रह गर्ने पनि निर्णय गरेको छ । यसैबीच आरजु राईस मिलले भूकम्प पीडित क्षेत्रका लागि पाँच सय बोरा चामल पठाएको छ ।

उक्त कम्पनीले विज्ञप्ति जारी गर्दै करिब दस टन चालम भूकम्प पीडित क्षेत्रमा पठाइएको जनाएको हो । आरजु राईस निजी क्षेत्रको ठूलो हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयर मातहतको संस्था हो । रासस

## भूकम्पपीडितलाई आइएमई ग्रुपको एक करोड पचास लाख

काठमाण्डु । ग्लोबल आइएमई बैंक, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स र आइएमई लिमिटेडलगायत आइएमई ग्रुपबाट प्रवर्दित कम्पनी तथा आइएमई फाउन्डेसनमार्फत भूकम्पपीडितका लागि रु एक करोड ५० लाख नगद सहयोग प्रदान गरिने भएको छ ।

जाजरकोट, रुकुम पश्चिमलगायत जिल्लाका प्रभावित क्षेत्रमा उद्धार तथा राहत सामग्री वितरण गर्ने उद्देश्यले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उक्त रकम प्रदान गरिने समूहले आज एक प्रेस विज्ञप्ति निकालेर जनाएको छ । रासस

## भारतद्वारा रु १६ करोडका राहत सामग्री हस्तान्तरण

काठमाण्डु । भारत सरकारले जाजरकोट भूकम्पपीडितका लागि रु १६ करोड बराबरका राहत सामग्री हस्तान्तरण गरेको छ ।

जाजरकोट भूकम्पपछि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल सरकारलाई हरसम्भव सहयोग गर्ने प्रतिबद्धताअनुरुप आइतबार रु १६ करोडबराबरका आपत्कालीन राहत सामग्रीको पहिलो खेप नेपालगञ्ज विमानस्थलमा उपप्रधान एवम् रक्षामन्त्री पूर्णबहादुर खड्कालाई हस्तान्तरण गरिएको यहाँस्थित भारतीय दूतावासले जनाएको छ ।

भारतीय वायुसेनाको विशेष विमानले आइतबार ढुवानी गरेका ११ टनभन्दा बढी राहत सामग्री मन्त्री खड्कालाई हस्तान्तरण गरिएको हो । आज हस्तान्तरित सामग्रीमा त्रिपाल, टारपोलिन सिट, कम्बल र स्लिपिङ ब्याग, पोर्टेबल भेन्टिलेटरलगायत चिकित्सा उपकरण र अत्यावश्यक औषधी छन् ।

भारत सरकारका तर्फबाट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले ती राहत सामग्री कर्णालीका मुख्यमन्त्री राजकुमार शर्माको उपस्थितिमा मन्त्री खड्कालाई हस्तान्तरण गर्नुभयो । आगामी दिनमा राहत सामग्रीका थप खेप नेपाल आइपुग्ने दूतावासले आज साँझ जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । छिमेकीका नाताले नेपालमा भूकम्पबाट प्रभावित भएकालाई हरसम्भव सहयोग गर्न भारत प्रतिबद्ध रहेको जनाइएको छ । रासस

## सात दिनको तलब भूकम्पपीडितलाई

लेखनाथ । नेकपा(एमाले)बाट गण्डकी प्रदेशसभामा निर्वाचित प्रदेशसभा सदस्यले एक हप्ता बराबरको तलब भूकम्पपीडितलाई प्रदान गर्ने भएका छन् ।


संसदीय दलको आइतबारको बैठकले जाजरकोट र रुकुम पश्चिमका भूकम्प पीडितका लागि रु दुई लाख ७९ हजार सहयोग गर्ने निर्णय गरेको हो ।

दलका २१ जना सदस्यको एक हप्ताको पारिश्रमिक बराबरको उक्त कोषमा दाखिला गर्ने निर्णय गरेको दलका नेता खगराज अधिकारीले पत्रकार सम्मेलनमार्फत जानकारी गराउनुभयो ।

आफूहरूले सुरुवात गरेको र पार्टीले पनि सहयोग सङ्कलन गर्न सक्ने भएकाले तत्काललाई एक हप्ताको मात्रै पारिश्रमिक पठाउन लागेको जानकारी नेता अधिकारीलेबताउनुभयो।गण्डकीमा एमालेका उपसभामुखसहित २२ जना प्रदेशसभा सदस्य छन् ।

दलका नेता खगराज अधिकारीको अध्यक्षतामा बसेको बैठकले घाइतेको उपचारमा आवश्यक परेमा थप सहयोगसमेत प्रदान गर्ने बताउनुभयो । साथै बैठकले भूकम्पबाट ज्यान गुमाउने प्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । रासस

# नेपालको दिगो विकासका निम्ति विश्व बैंकले सघाउने




काठमाण्डु । विश्व बैंकले जाजरकोट भूकम्पबाट प्रभावित भएका जनतालाई तत्काल सहयोग गर्न उपलब्ध कोषबाट स्रोत परिचालन गर्ने भएको छ ।

नेपालको चारदिने भ्रमण पूरा गरी अमेरिका प्रस्थान गर्नुअघि विश्व बैंकका प्रबन्ध निर्देशक आना जेर्डीले एक विज्ञप्ति निकालेर भूकम्पपीडितका निम्ति नेपाल सरकारबाट हुने प्रयासमा बैंकले स्रोत परिचालन गर्ने बताउनुभएको हो । दक्षिण एसियाका लागि बैंकका उपाध्यक्ष मार्टिन रेजरसँगै चारदिने भ्रमणका क्रममा उहाँले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर नेपालको दिगो एवम् समावेशी विकासका लागि बैंकले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

यहाँस्थित विश्व बैंकको कार्यालयका अनुसार प्रबन्ध निर्देशक जेर्डीले अर्थमन्त्री प्रकाशशरण महतलगायत नेपाल सरकारका उच्चअधिकारी, नेपालको विकासका साझेदार, नागरिक समाज, विद्वत वर्गलाई बेग्लाबेग्लै भेटेर नेपालको दिगो एवम् समावेशी विकासका निम्ति बैंकले सघाउने र सम्बद्ध निकायबाट पनि त्यस प्रयासमा साझेदारी हुने विश्वास व्यक्त गर्नुभएको थियो । उहाँले महिला तथा युवा वर्गलाई सीपमूलक तालिमका माध्यमबाट आत्मनिर्भर एवम् उद्यमी बनाउने कार्यक्रम आवश्यक भएकामा जोड दिनुभएको थियो ।रासस

# वन समूहको सहयोगमा गाउँमा बिजुली

कटारी । उज्यालोकोपर्वतिहारनजिकिएसँगै उदयपुरको कटारी नगरपालिका-७ मर्जेतपुरका मोहनसिंह तामाङको घरमा झिलिमिली बत्ती बलेको छ । नेपाल विद्युत् प्राधिकरणको कटारी शाखाबाट विद्युत्को मुख्य प्रशारण लाईनबाट तामाङको घरमा बिजुली जडान भएको हो । तामाङको घरमा बिजुली बाल्नका लागि तामाङनै उपभोक्ता सदस्य भएको सरस्वती सामुदायिक वन उपभोक्ता समूह कटारीले व्यवस्था मिलाएको हो ।

"समूहले तार र मिटरबक्स जडान गरिदिएको हो", तामाङले भन्नुभयो,"समूहको सहयोग पाएपछि घरमा बिजुली बल्यो ।" उहाँलगायत गाउँको एक सय घरमा समूहको सहयोगमा बिजुली बलेको छ । समूहको सहयोगले बत्ती बाल्न पाउँदा राहत मिलेको अर्का स्थानीयवासी रामलाल तामाङकाले बताउनुभयो ।

गाउँमा बत्ती बाल्न समूहले प्रशारण लाइनसम्म जोड्ने तार र मिटरबक्स खरिद गरी सहयोग गरेको समूहका सचिव कर्णबहादुर तामाङले बताउनुभयो । "समूहले भेलाबाट निर्णय गराएर गाउँमा बिजुली बाल्दै आएका छौँ", उहाँले भन्नुभयो ।

समूहका अध्यक्ष खड्गबहादुर तामाङका अनुसार हालसम्म गाउँमा बिजुली बाल्न समूहले रु आठ लाखभन्दा बढी खर्च गरिसकेको छ । गाउँमा सबै उपभाक्ताको घर उज्यालो पार्न समूहले बिजुली जडानको काम गरिरहेको छ । आमभेलाको निर्णयसँगै डिभिजन वन कार्यालय कटारी (त्रिवेणी)को सिफारिसमा समूहले गाउँमा बिजुली बाल्ने कार्यक्रममा सहयोग गर्दै आएको अध्यक्ष तामाङले बताउनुभयो ।

कटारी नगरपालिकाको उत्तरपूर्वी वडाको पहाडी भेगमा रहेको उक्त गाउँमा बिजुली नपुग्दा स्थानीयवासीले सोलार र टुकी बाल्दै आएका थिए । बिजुली पुगेसँगै वन समूहले बत्ती बाल्नका लागि कार्यक्रम निर्माण गरी सहयोग गरेको हो । गाउँमा बिजुली जडान भएपछि तिहारसँगै घरघरमा झिलिमिली बत्ती बालिएपछि अहिले गाउँ नै .उज्यालो भएको स्थानीय सोमबहादुर तामाङले बताउनुभयो । रासस

# बत्तीस किचन सम्हाल्दै सेफ कौशल

चितवन । होटल, रेष्टुराँ, पार्टी प्यालेसका सञ्चालक र त्यहाँका कार्यकारी प्रमुखलाई धेरैले चिन्दछन् तर त्यही भान्साघर (किचन) लाई व्यवस्थित गरेर संस्थालाई चिनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने सेफहरुलाई भने कमैले मात्र चिन्दछन् ।

यस्तै भूमिकामा रहनुभएका बुटवलको देवीनगरका एलबी कौशलले सिद्धार्थ हस्पिटालिटी एण्ड विजनेश ग्रुपका ३२ वटा किचन सम्हाल्दै आउनु भएको छ । उहाँकै नेतृत्वमा यो समूहका होटल, रेष्टुराँ, पार्टी भेनु र कलेज सञ्चालन हुँदै आएका छन् । विगत पाँच वर्षदेखि कौशलले यो समूहको नेतृत्व गर्दै आउनुभएको हो ।

होटल म्यानेजमेन्टको अध्ययनसँगै सन् २००० देखि उहाँले यो यात्रा सुरु गर्नुभएको हो । एकचालिस वर्षीय कौशलले धेरै पाँचतारे होटलमा काम गरिसक्नु भएको छ । सोही अनुभवका कारण उहाँले अहिले एक हजारभन्दा बढी किचनको नेतृत्व गरेर सिद्धार्थ ग्रुपको भान्सालाई अघिबढाउनु भएको छ । भारतको नयाँदिल्लीमा बिएचएम उत्तीर्ण गरेसँगै कौशलले भारतकै भूपालमा रहेका पाँचतारे होटलमा काम सुरु गर्नुभएको थियो ।

ट्रेनिङ सेसनदेखि नै काम सुरु गर्नुभएका उहाँ कमी थर्ड, कमी सेकेण्ड, कमी फस्ट हुँदै अहिले कर्पोरेट सेफ बन्नु भएको हो । कौशलले होटल सूर्या, ताज होटल, अन्तर्राष्ट्रिय ग्रुप आइजी, चेन ग्रुप सिग्नेटलगायत होटलमा कामगरिसक्नु भएको छ । यससँगै उहाँ नेपालका होटल म्यानेजमेन्ट कलेजहरुसँग पनि जोडिनुभएको छ । गेट कलेज काठमाडौँ, सिल्भर माउण्टेन कलेज, नाथेमकलेज,त्रिभुवनविश्वविद्यालय, पोखरा विश्वविद्यालयलगायतमा गेष्ट लेक्चर र प्रयोगात्मक इन्स्ट्रक्टरका रूपमा कौशलले काम गर्दै आउनु भएको छ । सन् २०१९ को मास्टरसेफ प्रतियोगिताको निर्णायक समेत उहाँ हुनुहुन्थ्यो । सिद्धार्थ ग्रुपमा कौशल छिर्दै गर्दा १३ वटा शाखा थिए । अहिले यो शाखा ३२ पुगेको छ ।

सिद्धार्थ ग्रुपमा रेष्टुरेन्टदेखि पाँचतारे होटलसम्म छन् । उहाँले भन्नुभयो "हरेक शाखामा कार्यकारी सेफ राख्छौँ । उनीहरुले मलाई रिपोर्टिङ गर्छन् । खानाका परिकार मबाट फलो गरेर तयार गर्छन् ।" दैनिक अनलाइन बैठक गरेर छलफल गर्ने र आइपरेका समस्या पहिचान गरी समाधान गर्ने गरेको उहाँको भनाइ थियो । कौशलले थप्नुभयो "खानाको गुणस्तरमा सम्झौता गर्दैनौ ।रासस

## सहकारीले उत्पादनको क्षेत्रमा लगानी गर्नुपर्छ

मुग्लिन । सहकारी संस्थाले उत्पादनका क्षेत्रमा जोड दिनुपर्ने स्थानीय जनप्रतिनिधि तथा सहकारी अभियानताले बताएका छन् । इच्छाकामना गाउँपालिकास्थित मर्स्याङ्दी बहुउेश्यीय सहकारी संस्था लिमिटेडको २३औँ साधारणसभाका सहभागीले पछिल्लो समय सहकारी धरायसी अवस्था रहेको भन्दै सदस्यको आयआर्जन वृद्धि गर्न उत्पादनमूलक क्षेत्रमा लागनी गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले सहकारीले उत्पादनको क्षेत्रमा लगानी गर्नुपर्ने बताउनुभयो । "सहकारी उत्पादनसँग जोडिनुपर्छ । सीपमूलक तालिम तथा आयआर्जन वृद्धि गर्न उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ", उहाँले भन्नुभयो । मन्त्री जोशीले ब्याजको पनि ब्याज लिने र धेरैले ब्याजको लोभमा सहकारी खोल्ने गरेको बताउँदै सहकारीविरुद्ध बागमती प्रदेशमा धेरै उजुरी परेका जानकारी दिनुभयो ।रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २१ दशमलव ४६ अङ्कले ओरालो लागेर एक हजार आठ सय २६ दशमलव २३ मा सीमित भएको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ३६ अङ्कले ओरालो लागेर तीन सय ५२ दशमलव ३९ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये आइतबार एक उपसमूहको शेयर मूल्य उकालो लाग्दा १२ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ । नेप्सेका अनुसार, कूल ३५ लाख ५८ हजार पाँच सय ५४ कित्ता शेयर रू ९७ करोड २३ लाख ६७ हजार दुई सय ७८ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारका आधारमा नवील बैंकको संस्थापक शेयर शीर्ष स्थानमा रहेको छ । सो बैंकको रू चार करोड ६० लाख ८० हजार बराबरको कारोबार भयो । ग्लोबल आइएमई बैंक रू तीन करोड १७ लाख ७९ हजार आठ सय ७४, एनआइसी एशिया बैंक रू तीन करोड तीन लाख ८० हजार दुई सय १०, हिमालयन डिस्टिलरी रू दुई करोड ८९ लाख ५९ हजार चार सय २४ र नवील बैंक रू दुई करोड ८७ लाख ५२ हजार बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम धनुषाको

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा उमाप्रेमपुर गा.वि.स. वडा नं. ४ हाल धनुषाधाम नगरपालिका वडा नं. ६ मा बस्ने सत्यनारायण महतोको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा ऐ.ऐ. मा बस्ने फरणा महतो कोइरी मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछि हकखाने एकासगोलको श्रीमान्, श्रीमती, बुवा, आमा, छोरा, छोरी, बुहारी, नाती नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहिता छोरी धर्मपुत्र, दाजु भाईहरु कानूनी हकदार समेत नभएको हुँदा उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु । तर उक्त जग्गाको मोही लगतमा फरणा महतो कोइरी को नाउँ हाल सम्म यथावत कायम नै रहेको हुँदा निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रेस्ताको मोही महलबाट सेमत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेदि पाउँ भनी जग्गाधनी सत्य नारायण महतोले मिति २०७९/०४/१८ गतेमा दिएको निवेदनमा कारवाही हुँदा दाबी जग्गाको मोही फरण महतो कोइरी वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । दाबी जगगाबाट मोही फरणा महतो कोइरी को नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला । अन्यथा दाबी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

तपसिल

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १. | उमाप्रेमपुर | ४ख | १३ | ०-११-११ | फरणा महतो कोइरी | सत्य नारायण महतो |

# नेपाल मधेश कम्युनिष्ट पार्टी गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न दल परित्याग गरेका नेता तथा कार्यकर्ताहरुले नेपाल मधेश कम्युनिष्ट पार्टीको गठन गरेका छन् ।

जनकपुरधाममा कार्तिक १८ र १९ गते बसेको बैठकबाट पार्टीको पदाधिकारी चयन गरिएको छ । यस भन्दा पहिला गत असोज ४ गतेको बैठकबाट नेपाल मधेश कम्युनिष्ट पार्टीको ५१ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक समिति चयन गरिएको थियो ।

पार्टीको केन्द्रीय अध्यक्षमा प्रमोदनारायण यादवलाइ चयन गरिएको छ । उनी नेकपा एमालेको केन्द्रीय सदस्य पदबाट राजिनामा दिएर यो पार्टीमा आएका हुन ।

पार्टीको वरिष्ठ उपाध्यक्षमा लक्ष्मी ओली, उपाध्यक्षमा मातृका यादव र रामशरण यादव, महासचिवमा दिवाकर शर्मा, उपमहासचिवमा शंकर यादव र शंखु जैसी, सचिवमा गौतम ढुंगेल, कल्पना यादव र काजल खातुन चयन भएका छन् ।

सो क्रममा अध्यक्ष यादवले नेपालमा बहुदलीय जनवादबाट समाजवाद ल्याउने सपना साकार हुन नसक्ने भएकाले विशुद्ध कम्युनिष्ट पार्टीको रुपमा यो पार्टी गठन गरेको बताए ।

हाल देशमा विद्यमान रहेको राज्य प्रणालीमा त्रुटि रहेको भन्दै सात प्रदेशले मुलुकमा आर्थिक भार बढाएकोले मुलुकमा ३ वटा प्रदेश मात्रै हुनुपर्ने उनले धारणा राखे ।

पार्टीका वरिष्ठ उपाध्यक्ष लक्ष्मी ओलीले देश विकासमा मधेशको सबै भन्दा बढी योगदान रहेतापनि मधेशप्रति सरकारको अनुदार भावले मधेशी जनता विभेदको सिकार हुँदै आएको जिकिर गरे ।

# प्याजको तस्करीमा वृद्धि



**टुडे समाचारदाता**

वीरगञ्ज । प्याजको मूल्य आकासिएपछि सीमानाकामा प्याजको अवैध व्यापार बढ्न थालेको छ । दशैं अघि प्रतिकिलो ४० देखि ५० रुपैयाँमा बिक्री हुने प्याज अहिले १२० देखि १३० रुपैयाँ पुगेको छ । सीमापारिको भारतीय बजार रक्सौलमा बढीमा ८० देखि ९० रुपैयाँ प्रतिकिलोमा बिक्री भइरहेको प्याज स्थानीय तस्करले वीरगञ्जसम्म ल्याएर महँगोमा बेचिरहेको पाइएको छ ।

प्रतिदिन सयौंको संख्यामा साइकल, टेम्पो र ईरिक्सामा तस्करले सुरक्षा चेकजाँच छली विभिन्न चोर बाटो हुँदै प्याज ल्याउने गरेको प्रत्यक्षदर्शीको भनाइ छ । वीरगञ्ज भन्सार नाकाको फरक फरक ठाउँमा पहिलो घेरामा भन्सार गार्ड, दोस्रोमा सशस्त्र प्रहरी बल र तेस्रोमा जनपद प्रहरीको सुरक्षा तथा चेकजाँच पोस्ट रहेको छ । तस्करले यी तीनै तहका चेकपोस्टमा सामान र परिमाण अनुसार पैसा दिँदै मालसमान ल्याउने गरेको प्रत्यक्षदर्शी अशोक तिवारीले बताए ।

एक जना स्थानीय व्यवसायीका अनुसार तस्करले प्याज, खाने तेल र चिनीलगायतका अन्य दैनिक उपभोगका सामान भारतीय बजारको परल मूल्यमा आठदेखि १० रुपैयाँ प्रतिकिलो ढुवानी खर्च दिएपछि पसलसम्म ल्याइदिने गरेका छन् । तरकारी तथा फलफूल व्यवसायी सङ्घ पर्साका अध्यक्ष विदुर गुप्ताले वीरगञ्ज महानगरपालिकामा मात्रै होटेल तथा घरायसी प्रयोजनका लागि तरकारी तथा मासुको सबै जसो परिकारमा प्रयोग हुने प्याज प्रतिदिन दुईदेखि तीन हजार किलोको हाराहारीमा खपत हुने गरेको बताए ।

भन्सार अधिकृत तथा सूचना अधिकारी रामचन्द्र ढकालले भन्सार तथ्याङ्कका अनुसार आर्थिक वर्ष २०७९/८० को साउनदेखि तीन महिनामा १७ लाख ९० हजार तीन सय केजी प्याज आयात भएकोमा आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत प्याजमा मूल्य अभिवृद्धि कर लगाएपछि आर्थिक वर्ष २०८०/८१ को तीन महिनामा तीन लाख २९ हजार एक सय केजी प्याज आयात भएको छ । यो महिनामा एक किलो पनि प्याज वैधानिक रूपमा नआएको उनको भनाइ छ ।

प्याजको आयातमा कृषि सुधार शुल्क नौ प्रतिशत, भ्याट १३ प्रतिशत र अग्रिम आयकर पाँच प्रतिशत गरी २७ प्रतिशत कर लाग्ने गरेको छ । भारत सरकारले प्याजको निर्यातमा ४० प्रतिशत निर्यात कर लगाएपछि व्यवसायी वैधानिकभन्दा पनि अवैधानिक बाटो रोज्ने गरेका छन् ।

सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म (वीरगञ्ज भन्सार) वीरगञ्जका प्रमुख तथा सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्रबहादुर सिंहले व्यवहारमा घरायसी प्रयोजनका लागि दुई चार किलो प्याज, चिनी र अन्य दैनिक उपभोगका सामान छाडिएको भए पनि ठूलो परिमाणमा कुनै सामान नछाडिएको बताए ।

# नेपाली कांग्रेस धनुषाको निर्वाचन स्थगित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषाले निर्वाचनको सबै कार्यक्रम स्थगित गरेको छ । जिल्ला कार्यसमिति धनुषाले कात्तिक १५ गते सूचना जारी गर्दै १४ औं महाधिवेशन अन्तर्गत निर्वाचन हुन बाँकी रहेको र विधान बमोजिम रिक्त रहेको पदमा कात्तिक २२ गते भित्र निर्वाचन गरिसक्नुपर्ने परिपत्र गरेको थियो ।

तर, रुकुम र जाजरकोटमा आएको विनाशकारी भूकम्पमा परी सयौं नेपालीले अनाहकमा ज्यान गुमाएको शोकको घडीमा तत्कालका लागि निर्वाचनका सबै प्रक्रिया स्थगित गरिएको पार्टीका जिल्ला सभापति योगेन्द्र पञ्जियारले जानकारी दिएका छन् ।

साथै तराई क्षेत्रमा दीपावली र छठ पर्व भएकाले अर्को सूचना प्रकाशन नहुञ्जेल निर्वाचनका सबै कार्यक्रम स्थगित गरिएको सभापति पञ्जियारले जनाएका छन् ।

# स्रोत नखुलेको लाखौं रकम बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रहरी कार्यालय महोत्तरीले एक महिनामा ७२ लाख भन्दा बढी स्रोत नखुलेको रकम बरामद गरेको छ ।

चालु आर्थिक वर्षको भदौ महिनामा मात्रै ७२ लाख ९९ हजार रुपैयाँ बरामद गरेको महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिएका छन् ।

भदौ ११ गते महोत्तरीको मटिहानी नगरपालिकाबाट २६ लाख २० हजार, १२ गते मनरासिशवा नगरपालिका ३ स्थितबाट २५ लाख १० हजार, २३ गते जलेश्वर नगरपालिका-६ बाट ७ लाख ९९ हजार र २८ गते मटिहानी नगरपालिका ८ बाट १३ लाख ७० हजार गरी कुल ७२ लाख ९९ हजार रुपैयाँ बरामद गरिएको छ । विभिन्न ४ वटा घटनामा प्रहरीले चार जनालाई नियन्त्रणमा समेत लिएको छ । उनीहरु भारतीय रहेको प्रहरी नायव उपरीक्षक गिरीले बताए ।

स्रोत नखुलेको रकम कि त हुण्डिको हुन सक्ने कि त नेपालीहरुले भारतीय बजारमा किनमेल गर्दा नेपाली पैसाले पनि किनमेल गर्न सक्ने भएकाले ती नेपाली रकमले यहाँबाट सुन किनेर उता लग्नेहरु पनि हुनसक्ने उनले बताए । भारतबाट नेपाल भित्रिनेहरु खास गरी मटिहानी नगरपालिकालाई मुख्य केन्द्र बनाएका छन् । त्यो नाकाबाट नेपाल छिर्दा बढी जोखिन मोलिनु नपर्ने भएकाले त्यो नाका भएर तस्करी गर्ने तथा अवैध कारोबार गर्नेहरुको मुख्य रोजाइमा पर्ने गरेको छ ।



भारतीय सीमा नाकाका बजारमा अहिले भारतीय रुपैयाँ भन्दा बढी नेपाली रुपैयाँलाई नै प्राथमिकतामा राखिएको छ । ती बजार हरुमा कुनै पनि सामग्रीको मूल्य भारतीय रुपैयाँमा भनिदैन्, बरु नेपाली रुपैयाँमै मूल्य व्यापारीहरुले भन्ने गरेका छन् । जसका कारण भारतीय बजारमा पर्याप्त नेपाली रुपैयाँ पाउने गरेको छ । उनीहरु नेपालबाट सुन खरिद गरी लग्ने गरेको प्रहरीको प्रारम्भिक अनुमान छन् । जनकपुरधामका एक व्यवसायीका अनुसार गत आर्थिक वर्षसम्म सुनमा कर कम रहेका कारण उनीहरु यहाँबाट सुन लग्ने गरेका थिए तर, चालु आर्थिक वर्षमा सुनमा सरकारले कर बढाएपछि नेपाल र भारतमा सुनको मूल्य बराबर रहेका कारण अब सुन भन्दा बढी मरिच, सुकमेल, सुपारी, हरियो मट्टर, रेडबुल, क्यान जुस, ड्राइफ्रुट लगिने गरेको छ ।

भारतीय बजारमा मरिच, सुकमेल, सुपारी र हरियो मट्टर नेपाली बजार भन्दा बढी महँगो हुने गरेका छन् । नेपाली बजारबाट सामग्री पनि खरिद ग्राहकका लागि नेपाली रुपैयाँमा सामान किनमेल गर्न पनि सहज हुने गरेका कारण उनीहरु नेपाली रुपयाँ लिएर नेपाल भित्रिने गरेका छन् । साथै भारतमा प्रतिबन्ध रहेको मदिरा समेत नेपालबाट उनीहरु लैजाने गरेका छन् । बिहार सरकारले मदिरामा पूर्ण प्रतिबन्ध लगाए पनि चोरी निकासी गरेर उनीहरु जनकपुरधाम, सिरहा, मलंगवा लगायतका स्थानहरुबाट मदिरा उता लैजाने गरेका छन् ।

बिहारको बजारमा अहिले भारतीय रुपैयाँ भन्दा महँगो नेपाली रुपैयाँ पाउने गरेको छ । पहिला भारतीय रुपैयाँ बट्टा तिरेर लिनु पर्थ्यो तर अहिले नेपाली लिनका लागि उनीहरु बट्टा तिर्ने गरेको नेपाली व्यापारीहरुको भनाइ छ ।

# विद्यालयमै प्रधानाध्यापक साह मृत फेला

**टुडे समाचारदाता**

लहान । विद्यालयमै पासो लागेको अवस्थामा एक प्रधानाध्यापक मृत फेला परेका छन् । सिरहाको गोलबजार नगरपालिका ३ स्थित सरस्वती माध्यमिक विद्यालय तेतरिया जमदहका प्रधानाध्यपक संजीव कुमार साह आफ्नै विद्यालयमै पासो लागेको अवस्थामा मृत फेला परेका छन् ।

विद्यालयमा प्रधानाध्यपकको खोजी भएपनि धेरै समयसम्म फेला नपरेपछि खोज तलास गर्ने क्रममा आफ्नै विद्यालयको तेस्रो तल्लामा रहेको सभाहलमा पासो लागेको अवस्थामा उनको शव भेटिएको छ ।



आइतबार बिहान विद्यालय आएका प्रधानाध्यपक साह कार्यालय सहयोगीलाई मोबाइलको रिचार्ज कार्ड किन्न पठाएर आफू भवनको माथि जान कैची गेटको साँचो मागेका थिए । आफू रिचार्ज कार्ड किनेर आएपछि प्रअलाई खोजी गर्दा नभेटेपछि कतै गएका होलान भन्ने ठानेर खोजी नगरेको उनले बताए ।

केही बेरमा कैची गेटको भित्रबाट ताला लागेको देखेर अर्को साँचोले खोलेर माथि जाँदा पासोमा झुण्डिएको अवस्थामा साहको शव फेला परेको त्यहाँ कार्यरत एक शिक्षकले बताए ।

यता घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय सिरहाले जनाएको छ ।

# १ वर्षमा १४ हजार बढी बिरामीले पाए उपचार

**टुडे समाचारदाता**

राजविराज । सगरमाथा आँखा अस्पतालले एक वर्षको अवधिमा १४ हजार ६ सय ५ जना आँखाका रोगीलाई उपचार सेवा प्रदान गरेको छ । जसमध्ये झण्डै ३० प्रतिशत भारतीय सेवाग्राही रहेका छन् ।

एक वर्ष अघि स्थापना भएको सो अस्पतालले आफ्नो पहिलो वार्षिकोत्सव मनाउने क्रममा आईतबार आयोजना गरेको समाहरोमा उक्त जानकारी दिएको छ ।

वार्षिकोत्सव समारोहमा अस्पतालका प्रवन्धक अफाक अनवरले एक वर्षको अवधिमा मोतियाबिन्दुका १ हजार २ सय १५ तथा अन्य जटिल रोगका १ सय ३१ जना आँखाका बिरामीको शल्यक्रिया तथा १३ हजार २ सय ५९ जनाको आँखाका विभिन्न रोगको उपचार गरी कुल १४ हजार ६ सय ५ जनालाई उपचार सेवा प्रदान गरिएको बताए ।



जसमध्ये झण्डै ३० प्रतिशत अर्थात ४ हजार ३ सय ८१ जना भारतीय सेवाग्राही रहेको उनको भनाइ छ । भारतीय नागरिकका लागिसमेत उपचार गर्न भरपर्दो ठाउँ बनेकाले उनीहरुको यस अस्पतालतर्फ आकर्षण बढ्दै गएको उनले दाबी गरे । भारतमा आँखा उपचार सेवा महँगो र सेवा लिन झण्झटिलो हुने तर्क दिँदै उनले यहाँको उपचार सस्तो र भरपर्दो हुने भएकाले उपचारका लागि भारतीय आँखाको बिरामी पनि यतै आउन थालेको बताए ।

कार्यक्रममा अस्पतालका निर्देशक एवं नेत्र रोग विशेषज्ञ डा.आशिष राज पन्तले सस्तो दरमै मेशिन र हात दुबैको प्रयोग गरेर आँखाको सामान्यदेखि जटिल प्रकृतिका उपचार र शल्यक्रिया सेवा उपलब्ध गराउन थालेपछि आँखाका बिरामीको यस अस्पतालप्रति आकर्षण बढ्दै गएको बताए ।

न्यून आय भएकाले पनि सस्तोमा उपचार पाओस् भन्ने उद्देश्यले संचालनमा ल्याइएको १५ शैय्याको अस्पतालमा आँखा र आँखा आसपासको प्लास्टिक सर्जरी, आँखाको क्यान्सर र कोर्निया, अकुलोटप्लास्टि, दृष्टिदोष लगायतको उपचार सेवा उपलब्ध रहेको तथा निकट भविष्यमै आँखाको नानी प्रत्यारोपण तथा रेटिना सर्जरी सेवा समेत सञ्चालन हुने उनले जानकारी दिए ।

नेपालबाट अन्धोपन हटाउन र आँखाका बिरामीलाई सहजरुपमा उपचार सेवा उपलब्ध गराउन १ वर्षको अवधिमा मदरसा, विद्यालय, विभिन्न पालिका र सेनाको बरखगण गरी ७ ठाउँमा समेत पुगेर निःशुल्क आँखा उपचार शिविर सञ्चालन गरिएको उनले जानकारी दिए ।

एक अध्ययनको क्रममा सप्तरीमा ५० वर्ष र सो भन्दा माथिका जनसंख्यामध्ये २० प्रतिशतमा दृष्टि कमजोर र आँखाको समस्या देखिएको भन्दै उनले आँखाको सुरक्षाका लागि जीवन शैलीमा सुधार र आवश्यक सर्तकर्ताको आवश्यकता रहेको समेत औंल्याए ।

वार्षिकोत्सवको अवसर पारेर ७ दिनसम्म अस्पताल परिसरमा निःशुल्क आँखा परीक्षण तथा अन्य उपचारमा २५ प्रतिशतसम्म छुटको व्यवस्थासमेत मिलाइएको अस्पताल प्रशासनले जनाएको छ ।

# कुम्हालहरु दियो बनाउनमा व्यस्त

**दीपावली तथा छठ पर्वका लागि अति आवश्यक पर्ने दियो, घैटो, ढकना, सर्वा लगायतका सामग्री बनाउन उनीहरु व्यस्त भएका छन् ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । हिन्दूहरुको महान पर्व दीपावली र छठ पर्वलाई लक्षित गर्दै यहाँका कुम्हालहरु दियो बनाउनमा व्यस्त भएका छन् । दीपावली तथा छठ पर्वका लागि अति आवश्यक पर्ने दियो, घैटो, ढकना, सर्वा लगायतका सामग्री बनाउन उनीहरू व्यस्त भएका छन् ।

यी पर्वमा यस्ता सामग्री आवश्यक पर्ने भएकाले कुम्हाल समुदाय अहिले यस्ता सामान बनाउन कम्मर कसेर लागिपरेका छन् । माग भएका सामग्री तयार गर्न भ्याइ नभ्याइ भएकाले बसहियाका नगराइन नगरपालिका ५ घोडघासका राकेश पण्डितसहित ती समुदायको व्यस्तता बढेको छ ।

नगराइन नगरपालिका-५ को घोडघास बस्तीको दक्षिणी भेगमा रहेका कुम्हालहरु अहिले दीपावलीका लागि दियो र छठ पर्वका लागि ढकना, सर्वा र घैटो बनाउनमा तल्लिन छन् । राति अबेरसम्म चकिया चलाउँदा चलाउँदै सुते पनि बिहान आँखा उघ्रनासाथ त्यही चकियामा हात पुऱ्याउनु परेको उनीहरु बताउँछन् । सोही वडाकै घोडघास बस्तीका सरोज पण्डितलाई पनि अहिले पर्व केन्द्रित सामान बनाउन भ्याइ नभ्याइ छ ।

राकेश र सरोज जस्तै कुम्हालहरु यस्ता चाड पर्वमा आफ्नो सीपले बजार पाउनका साथै आम्दानी पनि हुने भएपछि खुसी भएका छन् । अहिले खेतबाट माटो ल्याउन र माग अनुसारका सामान बनाउन ती समुदायका परिवारका सबै सदस्य व्यस्त देखिन्छन् । घरमूलीदेखि पाँच/सात वर्ष उमेर कटेका नानीहरु पनि



काममा लागेका देखिन्छन् । अन्यबेला अभावमै बित्ने ती समुदायमा मिठोमसिनो खाने, राम्रा लुगा लगाउने र बालबालिकाको रहर पूरा गर्ने भाखा पनि घरमूलीले दीपावली र छठसँग जोडने गर्छन् ।

'के गर्नु हजुर, वर्षभरिको खर्चको जोहो गर्ने बेला यही हो, अहिले चुके वर्षभरि नगद देख्न पाँइदैन' कुम्हाल समुदायका अगुवा रामसोगारथ पण्डितले भने-,'ससाना नानीहरुको रहर र चाहना हामीले यही पर्वमा पूरा गर्ने सोच बनाएका हुन्छौं ।' अन्य बेला आफ्ना सीपको खासै माग नहुने हुँदा वर्षभरिका लागि खर्चको जोहो पनि यसै बेला गर्नुपर्ने भएको उनको भनाइ छ ।

अर्डर खासै छैनु, बजारमै लगेर सामान बेच्नुपर्छ तर, अधिकांश मान्छे विदेशिएपछि त्यसका मारमा हामी पनि रहेका राकेश बताउँछन् । उनी भन्छन्-'धेरैले पेशा पनि परिवर्तन गरि सके अब बाँकी रहेकाहरुले नै यी काममा लागेका छन् । हुन त अब चिया पिउने ग्लास पनि माटोको बिक्री हुन थालेका छन् बाह्रै माहिना रोजगार हुन सक्छ तर, युवाहरु विदेशिएपछि त्यसको प्रभाव भने पेशामाथि देखिएको छ ।'

मुलुकमा अवसरबाट पछि परेका सिमान्तकृत गरिब र दलितहरुको उत्थानका लागि सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको बताइए पनि त्यस्ता कार्यक्रम ती समुदायसम्म नपुगेको सामाजिक अभियन्ताहरुको टिप्पणी छ । सरकारी कार्यक्रमहरुको प्रभावकारी अनुगमन नहुँदा अवसरबाट पछि पारिएका कुम्हालसहित अन्य समुदायको उत्थानको काम हुन नसकेको अभियन्ताहरु बताउँछन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८